धरहरा खुला गर्ने तयारी भइरहेको छः उपप्रधानमन्त्री सिंह | पृष्ठ ५ मा

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com



वर्ष २६ • अंक ९५ • २०८१ साल भाद्र ०६ गते बिहीबार (22 August, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## वर्षौंसम्म कमला पुल नबन्दा जोखिमपूर्ण यात्रा



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा-सिरहा जोड्ने हुलाकी राजमार्ग अन्तर्गतको निर्माणाधीन कमला पुलको कार्य सम्पन्न नहुँदा सर्वसाधारणहरूलाई सास्ती भोग्नु परिरहेको छ ।

१३ वर्ष अघि नै कमला नदीमा पुल निर्माण कार्य सम्पन्न भएर उद्घाटनको अवस्थामा रहेको बेला सिरहातर्फका दुई वटा पिलर भासिएपछि आवतजावतमा यात्रुहरुलाई सास्ती भोग्नु परिरहेको छ ।

कमला पुल भासिए पनि जोखिमपूर्ण यात्राका लागि दुवैतर्फका यात्रुहरुलाई बाँसको लचका र भ्याङको प्रयोग गरी जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता रहेको छ ।

हुलाकी सडक आयोजना अन्तर्गत निर्माण भएको सो पुलको निर्माण गर्ने कम्पनी माथि मुद्दा दायर पनि भएको छ । अदालतमा मुद्दा भएको कारणले पुलको निर्माण कार्य नै अवरुद्ध भएको छ। सो पुल मापदण्ड अनुसार नभएकाले मर्मतसम्भारसमेत हुन नसकेको इन्जिनियर प्रवीण यादवले जानकारी दिए।

वर्षायामको समयमा सर्वसाधारणहरू ढुंगाको प्रयोग गरेर वा कमला पुलभन्दा तीन किलोमिटर दक्षिण तर्फ निर्माण भएको झोलुंगे पुल भएर जोखिमपूर्ण रुपमा यात्रा गर्ने गरेका छन् ।

बाँसको भ्याङबाट जोखिमपूर्ण यात्रा गर्दा कतिपय पैदलयात्रीहरु लडेर घाइते हुने गरेको स्थानीय शिवजी रायले बताए ।

यता वर्षातयाममा कमला नदिमा केही स्थानीय यूवाहरुको एक समूहले जोखिमपूर्ण यात्राका लागि बाँसको लामो अस्थायी पुल बनाएको छ । सो बाँसको पुलबाट मोटरसाइकल र पैदल यात्री जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

पिलर भासिएपछि निर्माण कम्पनीले मापदण्ड अनुसार पुल निर्माण नगरेको भन्दै छानबिन गरी कारबाही गर्न धनुषा- सिरहाका युवाहरू महिनौंसम्म आन्दोलन गर्दै आएका छन् ।

### मधेशमा फेरि मोर्चाबन्दीको पहल

# संविधान संशोधनका लागि उपेन्द्रदेखि सीकेसम्म सक्रिय

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस- नेकपा एमाले गठबन्धनले संविधान संशोधन गर्ने सहमति गरेसंगै मधेश केन्द्रित दलहरूले पुनः मोर्चाका लागि अग्रसर देखिएका छन् ।

संविधान संशोधनको माग गर्दै आएका मधेश केन्द्रित दलहरू आफ्नो माग अनुसार संविधान संशोधन गराउन दबाव दिन संगठित हुने जमर्को गर्न थालेका छन् ।

विगतमा पनि संविधान संशोधन एवं चुनावलाई दृष्टिगत गरी मधेश केन्द्रित दलले संयुक्त लोकतान्त्रिक मधेशी मोर्चामार्फत मोर्चावन्दीको प्रयास गरे पनि लामो समयसम्म मोर्चा टिक्न सकेन ।

सोही अनुसार अहिले फेरि पनि संविधान संशोधनको नाममा मधेश केन्द्रित दलहरु मोर्चा बनाउने कसरत थालेका छन् ।

सत्तारुढ गठबन्धनले संविधान संशोधन गरी समानुपातिक व्यवस्था हटाउने, साना दललाई समाप्त गरेर दुई दलीय व्यवस्था कायम गर्न खोजेको भन्दै मधेश केन्द्रित दलले सो विरुद्ध संगठित भएर आफ्ना एजेण्डामाथि दबाब बढाउने जमर्को थालेका छन् ।



जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधान संशोधन गरी परिमार्जन गर्न संविधान विज्ञहरू सम्मलित 'संविधान पुनरावलोकन आयोग' गठन गर्न माग अघि सारेका छन् । पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष यादवले सो माग केन्द्रीय समितिको बैठकबाटै अघि सारेका बताए ।

उनले संविधान संशोधन लगायतका विषयमा संगठित भएर दबाब बढाउन आफ्ने चाहना रहेको बताए ।

गठबन्धनका लागि मधेश केन्द्रित दलहरुबीच अनौपचारिक छलफलहरु सुरु भएको बताए ।

जसपा नेपालले स्थानीय तहलाई प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहने गरी राख्न आवश्यक संवैधानिक तथा कानुनी व्यवस्था गर्न संविधान संशोधन गर्नुपर्ने मागसमेत अघि सारेका छन् । जसपा नेपालले जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख/राष्ट्रपतीय प्रणाली, समावेशी तथा पूर्ण समानुपातिक निर्वाचन प्रणालीका लागि पनि संविधान संशोधन गर्न आवश्यक रहेको जनाएको छ ।

त्यस्तै जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले पनि संविधान संशोधन हुने भएपछि यसका लागि मोर्चा आवश्यक रहेको बताए ।

संविधान संशोधनको क्रममा सत्तागठबन्धन दल र सरकारमाथि समेत दबाब बढाउनका लागि मोर्चा आवश्यक रहेको उनको भनाइ छ । लोकतान्त्रिक समाजादी पार्टीका सहअध्यक्ष सर्वेन्द्रनाथ शुक्लासँग समेत भेटघाट गरी मोर्चा बनाउनका लागि प्रस्ताव अघि सारेको उनले दाबी गरे ।

राष्ट्रिय दल भनाउँदाहरु माथि विश्वसनीय आधार नरहेको भन्दै अध्यक्ष राउतले मधेशी, आदिवासी, जनजाति तथा पिछडिएकाहरूको भावना अनुसार संविधान संशोधनका लागि मोर्चावन्दी आवश्यक रहेको बताए ।

लोसपा नेपालका सहअध्यक्ष शुक्लाले मधेशमा गठबन्धनको आवश्यकता रहेको औल्याए ।

मधेश मुद्दाका लागि वैकल्पिक शक्ति निर्माण नभएसम्म प्राप्त उपलब्धि गुम्ने खतरा रहेकाले यसको रक्षार्थका लागि पनि मोर्चाबन्दीको आवश्यक रहेको मधेश केन्द्रित दलहरुको बुझाइ छ ।

विसं. ०७२ मा पनि संविधान निर्माण भएदेखि नै मधेश केन्द्रित दलहरू कहिले संगठित भएर र कहिले एक्लाएक्लै पनि संविधान संशोधनका लागि आन्दोलन गर्दै आएका छन् ।

२०६४ सालतर्फ संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबाट आन्दोलन गर्दै आएका मधेशवादी दलहरूले त्यतिबेला ६ महिनासम्म नाकाबन्दीसम्मको आन्दोलन गरेर मोर्चा विघटन गर्दै निर्वाचनमा होमिएका थिए ।

त्यतिबेला ६ वटा दलहरु मिलेर राष्ट्रिय जनता पार्टी नेपाल गठन गरिएको थियो । त्यसपछि राजपा नेपाल र समाजवादी पार्टी बीच एकता भएर जनता समाजवादी पार्टी नेपाल गठन गरिएको थियो । पछिल्लो समय जसपा नेपालबाट अलग भएर लोसपा नेपाल बनेको छ ।

जसपा नेपालबाट महन्थ ठाकुरको अगुवाइमा अलग भएर लोसपा नेपाल गठन गरिएको छ । भने पछि जसपा नेपालबाट डा. बाबुराम भट्टराईको नेतृत्वमा अलग भए ।

कांग्रेस-एमाले गठबन्धनको सरकारले संविधान संशोधनको विषयलाई प्रश्रय दिएपछि विभिन्न ध्रुवमा विभाजित भएका लोसपा नेपाल, जसपा नेपाल, जनमत पार्टी, अशोक राई नेतृत्वको जसपालगायतका दलहरूको बीचमा पुनः कार्यगत एकतासहितको मोर्चाबन्दीका लागि उपेन्द्र यादवदेखि सीके राउतसम्म सक्रिय देखिएका छन् ।






# नेपाली जनता दलको केन्द्रिय अध्यक्षमा साह



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली जनता दलले २५ सदस्यीय केन्द्रिय कार्य समिति गठन गरेको छ । जनकपुरधाममा सम्पन्न पार्टीको छैठो महाधिवेसनबाट केन्द्रिय अध्यक्षमा हरिचरण साहको नेतृत्वमा २५ सदस्यीय केन्द्रिय कार्यसमिति गठन भएको हो । त्यसैगरि सोहि महाधिवेसनबाट २८ जनालाई बैकल्पीक केन्द्रिय सदस्यमा चयन गरिएको पार्टीका अध्यक्ष साहले जानकारि दिएका छन् । छैठौ महाधिवेसनबाट निर्वाचित २५ सदस्यीय केन्द्रिय कार्यसमितिको अर्को बैठकबाट विधान अनुसारको १६ जना मनोनित गर्नुपर्ने केन्द्रिय कार्यसमिति बैकल्पीक केन्द्रिय सदस्य मध्येबाट मनोनयन गरिने अध्यक्ष साहले बताए ।

अधयक्ष साहका अनुसार महाधिवेसनबाट जनकपुरधाम घोषणापत्र जारी गरिएको छ । घोषणापत्रमा नेपालमा राष्ट्र प्रमुखको रुपमा अभिभावकिय व्यक्ति सदनले अनुमोदन गरेको अथवा शान्तिपुर्ण जन आन्दोलनबाट स्थापित हुने र नीज नेपाली सेनाको परमाधिपति समेत हुने उल्लेख छ । त्यसैगरि उपराष्टप्रमुखको हकमा राष्टप्रमुखलाई सघाउनका लागि र राष्टप्रमुखको अनुपस्थितीमा राष्टप्रमुखको कार्य गर्नका लागि एकजना उपराष्ट्र प्रमुख हुने,देखि लिएर सनातन हिन्दु राष्टको गठन समेत घोषणापत्रमा रहेको अधयक्ष साहले जानकारि दिएका छन् ।

# प्रेस कार्डको दुरुपयोग गर्नेलाई कारबाही : अध्यक्ष बस्नेत

काठमाण्डु । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले 'प्रेस कार्ड'को दुरुपयोग गर्ने पत्रकारलाई कानुन बमोजिम कारबाही गरिने बताउनुभएको छ ।

प्रेस काउन्सिल नेपालद्वारा बुधबार आयोजित ' आमसञ्चार माध्यम' विषयका विद्यार्थीसँगको मिडिया अभिमुखीकरण कार्यक्रममा अध्यक्ष बस्नेतले प्रेस कार्डको दुरुपयोग गर्नेलाई हदैसम्मको कारबाही गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । समाजलाई तर्साउन र धम्क्याउन नभइ सिर्जनात्मक काम गर्नका लागि व्यवस्था गरिएको प्रेस परिचयपत्रको सदुपयोग हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

"पछिल्लो समयमा प्रेस पास दुरुपयोग भएको विषयमा धेरै गुनासा आउने गरेका छन् । त्यसलाई ध्यानमा राखी छानबिन भइरहेको छ", अध्यक्ष बस्नेतले भन्नुभयो । उहाँले सामाजिक सञ्जाल र आमसञ्चार माध्यमबाट सम्प्रेषित समाचार सामग्रीले नागरिकमा अन्योल र समस्या सिर्जना गरेकाले त्यसलाई सम्बोधन गर्न मिडिया साक्षरता आवश्यक भएको बताउनुभयो ।

पत्रकार र सञ्चार माध्यमलाई मात्र होइन, अहिले सूचना प्रविधिको कारण मिडिया साक्षरता समाजका लागि पनि आवश्यक भएको उल्लेख गर्दै अध्यक्ष बस्नेतले सकारात्मक परिवर्तनका सवाल र रचनात्मक विषयलाई सम्प्रेषण गर्नुपर्ने दायित्व पत्रकारको भएको बताउनुभयो । "काउन्सिलले युट्युब माध्यमलाई व्यवस्थित बनाउन मापदण्ड बनाएर आवश्यक नियमन गर्दै आएको छ", उहाँले भन्नुभयो ।

प्रेस कार्डको दुरुपयोग गरी धम्क्याउने, ' बार्गेनिङ' गर्नेलगायतलाई काउन्सिलले जारी गरेको पत्रकार परिचयपत्र खोस्ने, आचारसंहिता कक्षामा सहभागी गराउने, कालोसूचीमा राख्ने, विज्ञापन रोक्ने तथा साइवर र अन्य अपराधजन्य अभियोगमा अनुसन्धान गर्ने निकायसँग सहकार्य गरी कारबाही गर्दै आएको अध्यक्ष बस्नेतले बताउनुभयो । रासस

# वीरगञ्ज भन्सारको राजस्व सङ्कलनको लक्ष्य २७ अर्बले घटाइयो

वीरगञ्ज । वीरगञ्ज भन्सार कार्यालयले दुई वर्षदेखि लक्ष्यअनुसारको राजस्व सङ्कलन गर्न असफल भएसँगै भन्सार विभागले राजस्व सङ्कलनको लक्ष्य घटाइदिएको छ ।

भन्सार विभागले वीरगञ्ज भन्सार कार्यालयलाई राजस्व सङ्कलनको महत्वाकाङ्क्षी लक्ष्य दिएपनि कार्यालयले लक्ष्यअनुसारको राजस्व भेट्टाउन सकिरहेको थिएन् । विभागले आर्थिक वर्ष २०८०/८१ को तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ मा राजस्व सङ्कलन गर्ने लक्ष्य रु २६ अर्ब ९२ करोड ८६ लाख ७२ हजारले घटाइदिएको हो ।

विभागले वीरगञ्ज भन्सार कार्यालयलाई आव २०८०/८१ मा रु दुई खर्ब ४५ अर्ब ८८ करोड ५० लाख ८२ हजार राजस्व सङ्कलनको लक्ष्य निर्धारण गरेको थियो ।

> विभागले वीरगञ्ज भन्सार कार्यालयलाई आव २०८०/८१ मा रु दुई खर्ब ४५ अर्ब ८८ करोड ५० लाख ८२ हजार राजस्व सङ्कलनको लक्ष्य निर्धारण गरेको थियो ।

तर, कार्यालयले गत आवमा मुस्किलले रु एक खर्ब ५७ अर्ब ४० करोड ३१ लाख २८ हजार राजस्व सङ्कलन गरेको थियो । विगतका वर्षमा लक्ष्य र सङ्कलनबीच ठूलो अन्तर देखिएसँगै चालु आवमा राजस्व सङ्कलनको लक्ष्य घटाइएको हो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य सुबोधकुमार गुप्ताले भन्सार विभागले भन्सार कार्यालयलाई समयसापेक्षभन्दा पनि महत्वाकाङ्क्षी लक्ष्य दिने परिपाटीको कारणले पनि लक्ष्यअनुसारको राजस्व सङ्कलन नभएको बताउनुयो । "सरकारले आयात खुम्चिरहेको अवस्थामा महत्वाकाङ्क्षी लक्ष्य राखेपछि कहिल्यै पनि लक्ष्यअनुसार भेट्टाउन सकिन्न", उहाँले भन्नुभयो, "गत आव सङ्कलन भएको राजस्वको १० देखि १५ प्रतिशत बढाएर लक्ष्य राख्ने हो भने सहजै लक्ष्य भेट्टाउन सकिन्थ्यो ।"

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी रघुलाल कर्णले भन्सार विभागले निर्धारित गरेअनुसारको राजस्व सङ्कलन नभएसँगै राजस्व सङ्कलनको लक्ष्य घटाइएको हुनसक्ने बताउनुभयो । "विगत केही वर्ष यता लक्ष्यअनुसारको राजस्व सङ्कलन हुन नसकेको यथार्थ हो । त्यसैले विभागले घटाएको होला", उहाँले भन्नुभयो, "विभागले कार्यालयलाई चालु आव रु दुई खर्ब १८ अर्ब रुपैयाँको लक्ष्य निर्धारण गरेको छ ।" सूचना अधिकारी कर्णले विभागले चालु आवमा तोकिएको लक्ष्यअनुसार राजस्व सङ्कलन गर्न कार्यालय सक्रिय भएर लाग्ने उल्लेख गर्नुभयो ।

कार्यालयले आव २०७९/८० मा रु दुई खर्ब ६० अर्ब ९७ करोड राजस्व सङ्कलनको लक्ष्य पाएकामा ६० दशमलव २२ प्रतिशत अर्थात् रु एक खर्ब ५७ अर्ब १५ करोड ४९ लाख २२ हजार राजस्व सङ्कलन गरेको थियो । साथै आव २०७८/७९ मा भने लक्ष्यअनुसारको राजस्व सङ्कलन गर्न सफल भएको थियो । आव २०७८/७९ मा रु दुई खर्ब तीन अर्ब राजस्व सङ्कलनको लक्ष्य रहेकामा १०० दशमलव ५४ प्रतिशत अर्थात रु दुई खर्ब चार अर्ब १२ करोड राजस्व सङ्कलन गरेको थियो ।

# 'कानुन बनाउँदा मानवीय पक्षलाई बढी ध्यान दिनुपर्छ'



काठमाण्डु । जैविक विविधता संरक्षणसम्बन्धी कानुन निर्माण गर्दा मानवीय पक्षलाई बढी ध्यान दिनुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् । प्रतिनिधिसभाअन्तर्गतको पूर्वाधार विकास समितिको समन्वयमा असल शासन संरक्षण मञ्चले बुधबार आयोजना गरेको 'रेखाङ्कित पूर्वाधारको विकासमा प्राकृतिक सम्पदाको सुरक्षा' विषयक कार्यक्रममा सरोकार भएकाहरूले यस्तो जोड दिएका हुन् ।

समितिका सभापति दिपकबहादुर सिंहले प्रकृतिमा भएका सबै प्राणीलाई बाँच्न पाउने उत्तिकै अधिकार भए पनि मानवीय पक्षलाई विशेष ध्यान दिएर कानुन बनाउनुपर्ने बताउनुभयो । "प्रकृतिमा भएका सबै प्राणालीलाई बाँच्ने उत्तिकै अधिकार छ, त्यसमा पनि मानवीय पक्षलाई बढी ध्यान दिनुपर्छ । कानुन बनाउँदा विकासलाई प्रोत्साहन र विनाशलाई निरुत्साहन हुनेगरी बनाउन आवश्यक छ", उहाँले भन्नुभयो ।

सभापति सिंहले पूर्वाधार विकास गर्दा भावी पुस्तालाई केन्द्रमा राखेर बनाउनुपर्ने र त्यसका लागि सरोकार भएका सबैपक्ष एकजुट भएर काम गर्नुपर्नेमा जोड दिनुभयो । "आज सबै पक्षलाई विचार गरेर कानुन बनाएनौँ भने भोलिका सन्ततिले धिकार्नेछन्", उहाँले भन्नुभयो, "कम्तीमा एकपटक बनाएको कानुन ५० वर्ष पुगोस्, त्यो कानुनका कारण भएको संरक्षण र पूर्वाधार विकासलाई हेरेर भावी पुस्ताले धन्यवाद दिउन् ।"

पूर्वभौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले पूर्वाधार विकास गर्दा वन, वातावरण र जैविक विविधतालाई असर नपर्ने गरी बनाउनुपर्ने बताउनुभयो । उहाँले प्राकृतिक स्रोतसाधनको संरक्षणका साथै त्यसको उपयोग पनि गर्नुपर्नेमा जोड दिनुहुँदै सङ्घ, प्रदेश र स्थानीय तहको कानुनलाई समेत सन्तुलनमा राखेर काम गर्न आवश्यक रहेकामा जोड दिनुभयो ।

पूर्ववन तथा वातावरणमन्त्री शङ्कर भण्डारीले वन्यजन्तु संरक्षण गर्दा मानवीय पक्षलाई ध्यान दिनुपर्ने र समस्या मात्र नभएर समाधानमुखी बहस जरुरी भएको बताउनुभयो । उहाँले आफूले वनमन्त्री हुँदा केही गर्ने प्रयास गरे पनि पर्याप्त हुन नसकेको बताउनुभयो ।

पूर्वसहरी विकासमन्त्री सीता गुरुङले जैविक विविधताको संरक्षण गर्ने सन्दर्भमा वन्यजन्तु जोगाउनका लागि ठूलो मानवीय क्षति भइरहेको बताउनुभयो । "वन्यजन्तु जोगाउनका लागि मानवीय पक्षको ठूलो क्षति भइरहेको छ । बाँदरका कारण बस्ती नै विस्तापित भइरहेका छन्, अन्य वन्यजन्तुको पनि त्यतिकै त्रास छ", उहाँले भन्नुभयो, "नेपालमा कानुन बनाउँदा व्यावहारिक पक्ष र मानवीय पक्षलाई बढी ध्यान दिनुपर्ने देखिएको छ ।"

सांसदहरू प्रतिमा गौतम, सुशीला श्रेष्ठ, राजेन्द्र बजगाईं र प्रेम महर्जनले मानव-वन्यजन्तु द्वन्द्वका विषय पटकपटक सदनमा उठ्ने गरे पनि समाधान हुनेगरी काम हुन नसकेको धारणा राख्नुभयो ।नीतिविज्ञ कमल सुवेदीले नीति तथा कानुन बनाउँदा वर्तमानलाई मात्र नभएर भावी पुस्तालाई समेत समेटेर बनाउनुपर्ने र त्यसमा पनि स्थानीय आवश्यकतालाई ख्याल गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

मञ्चका अध्यक्ष जयदुर्गा बुढाथोकीले मुलुकमा सुशासन, जैविक विविधता, जलवायु परिवर्तन, दिगो विकास क्षेत्रमा मञ्चले काम गर्दै आएको जानकारी गराउनुभयो । उहाँले जैविक विविधता संरक्षण गर्दा मानवीय पक्षलाई बढी ध्यान दिनुपर्ने र नीतिगत व्यवस्थाका लागि समन्वय गर्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको बताउनुभयो ।कार्यक्रममा प्राकृतिक जैविक विविधता संरक्षण, प्राकृतिक संरक्षण र त्यसका कानुनी पक्षलगायत विषयमा विभिन्न चार वटा कार्यपत्र प्रस्तुत गरिएका थिए ।रासस

# रोजगारी र लगानीका नयाँ गन्तव्य बन्दै "स्टार्टअप", यी हुन् सरकारले तोकेका १९ क्षेत्र

काठमाण्डु । नवप्रवर्तनमा आधारित उद्योग सेवा तथा व्यवसायलाई प्रवर्द्धन गर्ने लक्ष्यका साथ सरकारले 'स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१' कार्यान्वयनमा ल्याएको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले कार्यान्वयनमा ल्याएको सो कार्यविधिले स्टार्टअप गर्न चाहनेलाई मार्ग प्रशस्त गरेको छ ।

सो कार्यविधिले नवप्रवर्तनमा आधारित उद्योग व्यवसाय सञ्चालन गर्न चाहनेलाई सहज वातावरण मात्रै बनाएको छैन, रोजगारी र लगानीको थप क्षेत्रसमेत पहिचान गरेको छ ।सरकारले गत साउन ३० गते मात्रै उक्त कार्यविधि स्वीकृत गरेको थियो । कार्यविधि अनुसार रु पाँच लाखदेखि २० लाखसम्मको कर्जा परियोजना नै धितो राखेर पाइन्छ । त्यसमा तीन प्रतिशत मात्रै ब्याज लाग्नेछ । पछिल्ला दिनमा यसर्प्रकारको व्यावसायिक अवधारणाका बारेमा सरकार र निजी क्षेत्रले साझा छलफल मात्रै अगाडि बढाएका छैनन् । त्यसका लागि मिलेर काम गर्ने सङ्कल्पसमेत गरेका छन् ।

सोही क्रममा बुधबार 'स्टार्टअप नेसन २०३०' विषयक कार्यक्रम आयोजना गरियो । कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले सानासाना पुँजीबाट उत्पादन वृद्धि हुने धेरै उद्योग स्थापना र विस्तार गर्नुपर्नेमा जोड दिनुभयो ।प्रधानमन्त्री ओलीले नवीन र सिर्जनशील सोचका साथ युवा र महिलाले कामका लागि विदेश नगई स्वदेशमै रोजगारी र आम्दानीका अवसर खोज्नसक्ने मात्र बताउनुभएन, नवप्रवर्तनमा आधारित व्यवसायमा लाग्न युवा पुस्तालाई आह्वानसमेत गर्नुभयो ।

सोही कार्यक्रममा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पनि स्टार्टअप 'बिजनेस' लाई अघि बढाउन सरकारका तर्फबाट सबै प्रकारको सहयोग उपलब्ध गराउने दृढता व्यक्त गर्नुभयो । सिर्जनशील युवालाई स्टार्टअप बिजनेसका माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान दिन आग्रह गर्दै अर्थमन्त्रीले देशभित्र भविष्य खोज्न र राष्ट्र निर्माणको वाहक बनेर योगदान गर्न आग्रह गर्नुभयो । अर्थमन्त्री पौडेलले स्टार्टअप उद्यममा सुरुमा सफलताभन्दा असफलता बढी हुने भन्दै नआत्तिनसमेत अनुरोध गर्नुभयो ।

राससँगको अन्तर्वार्ताका क्रममा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले स्टार्टअपलाई सरकारले आकर्षक कार्यक्रमका रुपमा अगाडि बढाएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "स्टार्टअपलाई कहिले राष्ट्रिय योजना आयोग र अन्य निकायबाट सञ्चालन गर्ने प्रयत्न गरिएको थियो, पछि मात्रै उद्योग मन्त्रालयमा पठाइयो । अब यो कार्यक्रम सघन रुपमा कार्यान्वयनमा जान्छ ।" रु २५ करोडबाट सुरु भएको स्टार्टअप कोष अहिले रु एक अर्ब बराबर पुगेको मन्त्री भण्डारीले उल्लेख गर्नुभयो ।

वस्तु-सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण एवं सिर्जनशील सोचको प्रयोगगरी व्यवसायका रुपमा सञ्चालन भएका र स्तरोन्नतिको सम्भावना रहेको उद्यमलाई स्टार्टअपका रुपमा लिइन्छ । सूचना प्रविधिको उपयोग एवं सिर्जनशील सोच नै यस्तो व्यवसायको खास मर्म रहने गरेको छ ।

सरकारले कार्यान्वयनमा ल्याएको कार्यविधिमा उद्यम व्यवसाय दर्ता भई १० वर्ष ननाघेको, प्राइभेट फर्म, साझेदारी फर्म, कम्पनी वा सहकारी संस्था उद्योगका रुपमा दर्ता भएको, व्यवसाय स्थापना भएपछि कुनै पनि आर्थिक वर्षमा वार्षिक कारोबार रु १५ करोड ननाघेको हुनुपर्नेछ । नवीन सिर्जनशील सोचलाई उद्यम व्यवसायका रुपमा रुपान्तरणगरी तीव्र वृद्धिको सम्भावना पनि हुनुपर्ने स्टार्टअप उद्यमको योग्यताका रुपमा चित्रण गरिएको छ ।




**यी हुन् स्टार्टअप उद्यमका क्षेत्र**

सरकारले सार्वजनिक गरेको कार्यविधिअनुसार विभिन्न १९ वटा क्षेत्रलाई स्टार्टअप उद्यमका क्षेत्रका रुपमा निर्धारण गरेको छ । त्यसमा कृषि, सिँचाइ तथा पशुपन्छीमा आधारित उद्यम, उत्पादनमूलक उद्यम, वन (जडीबुटी, वन पैदावार) मा आधारित उद्योग व्यवसाय समावेश छ । यस्तै पर्यटन प्रवर्द्धन तथा मनोरञ्जन र अतिथि सत्कारसँग सम्बन्धित क्षेत्र, विज्ञान, प्रविधि, सञ्चार तथा सूचना प्रविधिमा आधारित उद्यम पनि यसैमा समावेश छ ।

मानव स्वास्थ्य सेवासँग सम्बन्धित क्षेत्र, शिक्षा तथा शिक्षण सिकाइसँग सम्बन्धित उद्यम सहज र सुरक्षित यातायात तथा पारवहन सेवा, पूर्वाधार निर्माण कार्यसँग सम्बन्धित क्षेत्र, विद्युतीय सवारी साधन तथा अटोमोबाइलसँग सम्बन्धित उद्यम स्टार्टअपमा समावेश छ ।परम्परागत तथा ग्रामीण प्रविधि, स्थानीय स्रोत तथा साधनमा आधारित उद्यम, सार्वजनिक सेवा प्रवाह, उत्पादन तथा सेवा प्रक्रियामा सुधारसँग सम्बन्धित उद्यम, खानी तथा खनिजको अनुसन्धान र विकाससँग सम्बन्धित उद्यम पनि त्यसमा उल्लेख छ ।

घरायसी वा दैनिक जीवनयापनलाई सरल, सहज, सुरक्षित बनाउन सहयोग पुग्ने प्रकृतिका कार्यसँग सम्बन्धित उद्यम, वस्तु वा सेवाको वितरण प्रणालीसँग सम्बन्धित उद्यम, परम्परागत पेसा तथा उद्यमको पुनर्जागरणसँग सम्बन्धित उद्यम, खाद्य प्रविधि तथा पोषणसँग सम्बन्धित उद्यम तथा फोहरमैला व्यवस्थापनसँग सम्बन्धित उद्यमलाई सरकारले स्टार्टअपमा समावेश गरी आवश्यक प्रक्रिया अगाडि बढाएको छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल नेपाल उद्योग वाणिज्य महासङ्घको पहलमा स्थापित लगानी कम्पनीले स्टार्टअपमा लगानी गर्ने बताउनुहुन्छ । महासङ्घको पहलमा रु १० अर्ब बराबरको लगानीमा लगानी कम्पनी स्थापना भएको छ । यो स्वतन्त्र रूपमा सञ्चालन हुने र जुनसुकै लगानीकर्ताले कम्पनीमा लगानी गर्नसक्ने ढकालको भनाइ छ ।

महासङ्घले प्रदेश सरकारसँगको सहकार्यमा आवश्यक केन्द्र स्थापना गर्ने तयारी गरेको छ । महासङ्घको केन्द्रीय कार्यालयमा पनि केन्द्र स्थापना गर्ने तयारी भइरहेको छ । स्टार्टअप कार्यक्रमका लागि एक दशकअघि बजेट विनियोजन गर्न थालिएको भएपनि पछिल्ला दिनहरूमा मात्रै यसले औपचारिक रुपमा परिभाषित भएको महासङ्घको बुझाइ छ ।तत्कालीन पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले चार महिनाअघि लगानी सम्मेलनमा परिमार्जन गरेका आठ ऐनमध्ये एउटा औद्योगिक व्यवसाय ऐनमा स्टार्टअपको कानुनी परिभाषा समावेश थियो । त्यसपछि मात्रै स्टार्टअप नीति पारित भएको थियो ।

स्टार्टअप र नयाँ उद्यमीलाई सहज बनाउन युवालाई सहयोग गर्न 'इन्क्युवेशन र इनोभेसन सेन्टर' हरू स्थापना गर्नुपर्ने माग पनि उस्तै रुपमा उठेको छ । प्रारम्भिक चरणका रूपमा नेपाल उद्योग वाणिज्य महासङ्घले सुदूरपश्चिम प्रदेश सरकार र कैलाली उद्योग वाणिज्य सङ्घसँगको सहकार्यमा इन्क्युवेशन सेन्टर स्थापनाको प्रक्रिया अघि बढाएको छ ।

कार्यविधिअनुसार, उद्यमीले उद्देश्यबमोजिम कर्जा रकमको प्रयोग गर्ने, सम्झौताबमोजिम कर्जाको साँवा र व्याज भुक्तानी गर्ने, नियामक निकाय वा बैंकबाट हुने अनुगमनका क्रममा आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउने, आफ्नो स्टार्टअप उद्यमको प्रगति प्रतिवेदन चौमासिक रुपमा कर्जा प्रवाह गर्ने बैंकमा पेस गर्नुपर्नेछ ।

यस प्रकारको अवधारणामा 'परियोजना' धितो राखेर तीन प्रतिशत व्याजदरमा रु पाँच लाखदेखि रु २० लाखसम्म कर्जा पाउने प्रबन्ध गरिएकाले पनि नयाँ उद्यम गर्न चाहने युवालाई सहज हुने विश्वास गर्न सकिन्छ । बैंकले कर्जा प्रवाह गर्दा रु पाँच लाखसम्मको कर्जा एक किस्तामा, रु १५ लाखसम्मका लागि दुई किस्ता र सोभन्दा माथिको हकमा तीन किस्तामा कर्जा उपलब्ध गराउने व्यवस्था छ । स्टार्टअप कर्जाको अवधि अधिकतम पाँच वर्षको हुनेछ । परियोजनाले दोस्रो वर्षदेखि साँवा र ब्याजबापतको रकम तिर्न सुरु गर्नुपर्ने व्यवस्था कार्यविधिमा छ ।हालसम्म एक सय ६७ परियोजनाले स्टार्टअप कर्जा लिएका छन् । नेपाल औद्योगिक प्रतिष्ठानका अनुसार, हालसम्म रु १७ करोड बराबर कर्जा वितरण भइसकेको छ ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| वृष | : भ्रमण अवसर हुने । |
| मिथून | : अवसर प्राप्त । |
| कंकट | : वाद विवादबाट बच्नु । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : बौद्धिक क्षमता । |
| वृश्चिक | : प्रतिभा सम्पन्नता । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : धन वृद्धि सञ्चय । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |


## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-१ रमदैयास्थित फाँटमा हरियाली देखिएको धानबाली । तस्बिरः रासस

# जलविद्युत्मार्फत आर्थिक समृद्धि हासिल गर्न आन्तरिक खपत बढाउनुपर्छः अर्थमन्त्री पौडेल



काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलले जलविद्युत्मार्फत आर्थिक समृद्धि हासिल गर्न आन्तरिक खपत बढाउनुपर्नेमा जोड दिनुभएको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) र उपाय नामक संस्थाको संयुक्त आयोजनामा बुधबार भएको 'अनलकिङ इन्भेष्टमेन्ट' कार्यक्रममा उहाँले ऊर्जा क्षेत्रमा निजी लगानीलाई प्रोत्साहन गर्ने योजना आवश्यक रहेकोसमेत बताउनुभयो ।

अर्थमन्त्री पौडेलले सरकारले जलविद्युत् क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको र यस क्षेत्रको विकासका लागि विदेशी लगानी ल्याउन सरकारले वातावरण बनाउने प्रतिबद्धता जनाउनुभयो । "नेपालको ऊर्जा क्षेत्रमा विदेशी लगानी ल्याउनका लागि सरकारले वातावरण निर्माण गर्नेछ। नेपालको समृद्धिका लागि जलस्रोतको उच्चतम उपयोग गर्न ऊर्जा उत्पादन र आन्तरिक खपतमा जोड दिनुपर्छ", मन्त्री पौडलले भन्नुभयो, "नेपालको अधिकतम उत्पादन नेपालमै खपत हुनेगरी ठूलाठूला बहुर्राष्ट्रिय कम्पनीलाई नेपाल लगानीका लागि प्रोत्साहन गर्ने नीति सरकारले लिनेछ ।"

ऊर्जा उत्पादनमा आफ्नो सम्पूर्ण समय र लगानी लगाएका ऊर्जा उद्यमीले समस्या छन् भनेर थाक्न नपाइने भन्नुहुँदै उहाँले हाल देखिएका समस्या बृहत छलफलमार्फत समाधान गर्न सकिने धारणा राख्नुभयो । नेपालको ऊर्जा क्षेत्रमा थप प्रगति हासिल गर्न र हिउँदमा पनि अन्यत्रबाट विद्युत् आयात गर्न नपर्ने ठाउँमा नेपाललाई पुऱ्याउन सबैले मिलेर काम पर्नेमा उहाँको जोड थियो ।

इप्पानका अध्यक्ष गणेश कार्कीले नेपाली बैंकले विदेशी लगानीका ठूला विद्युत् आयोजनामा ऋण लगानी गरेका कारण स्वदेशी आयोजनाले लगानी नपाएको धारणा राख्नुभयो । "बैंकसँग जलविद्युत्मा गर्ने लगानीको सानो सीमा छ । विदेशी लगानीका आयोजनामा गरिएको ऋण लगानी देखाउँदै स्वदेशी जलविद्युत् आयोजनामा लगानी गर्न सीमा सकियो भन्छन् । यसले हामी स्वदेशी लगानीकर्ता मारमा परेका छौँ", उहाँले भन्नुभयो,"त्यसविदेशी लगानीका आयोजनामा गरिएको लगानीलाई सीमाभन्दा बाहिर राख्ने वा विदेशी लगानीका आयोजनामा नेपाली बैंकले लगानी गर्न नपाउने व्यवस्था गर्न आवश्यक भइसकेको छ ।"

विद्युत् विधेयकले नेपाली निजी क्षेत्रलाई निस्तेज गर्न खोजेको, निर्माणाधीन ३० भन्दाबढी जलविद्युत् आयोजनाले आइपिओ निष्काशनका लागि धितोपत्र बोर्डमा निवेदन दिएकामा लामो समयदेखि अनुमति नदिएको, स्थानीय तहबाट दोहोरो कर माग गरिएको, एक प्रतिशतमा हुने काममा २८ प्रतिशत भन्सार पुऱ्याइएको र सरकारले दिन्छु भनेको प्रतिमेगावाट रु ५० लाख भ्याट छुट अहिलेसम्म पनि नपाएको भन्नुहुँदै अध्यक्ष कार्कीले अर्थमन्त्री पौडेलको ध्यानाकर्षण गराउनुभएको थियो ।

कार्यक्रममा अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) का नेपाल निर्देशक बाबाकर फायले आइएफसीले नेपालको निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिएको बताउनुभयो । उहाँले ऊर्जा परियोजनामा लगानी गर्दै आएको र भोलिका दिनमा पनि नेपालको ऊर्जा क्षेत्रमा लगानी बढाउन तयार रहेको बताउनुभयो ।

कार्यक्रममा डोल्मा इम्प्याक्ट फण्डका कार्यकारी निर्देशक विद्यावारिधि सिग्देलले नेपाली बैंकले बर्सेनि रु ४०/५० अर्ब मात्रै ऊर्जामा लगानी गर्नसक्ने भएकाले स्वदेशी लगानीबाटै १० हजार मेगावाट उत्पादन गर्न ४० वर्षभन्दा बढी समय लाग्ने बताउनुभयो । उहाँले विदेशी लगानीमा ऊर्जाको दिगो विकास गर्न सकिने र त्यसका लागि नेपाली जलविद्युत् उद्यमीले वातावरण, समाज र सुशासनमा जोड दिनुपर्ने बताउनुभयो । उपायका कार्यकारी निर्देशक सुमन रायमाझीले आफ्नो संस्थाले विदेशी लगानी नल्याएको भए आज यो उचाइ लिन नसकिने भन्दै ऊर्जा आयोजनाले पनि विदेशी लगानी ल्याउन आवश्यक रहेको बताउनुभयो ।रासस

# एमसिसी कार्यान्वयनको एक वर्ष, अपेक्षाकृत उपलब्धि

काठमाण्डु । संयुक्त राज्य अमेरिकी सहयोग मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) नेपाल कम्प्याक्ट कार्यान्वयनको एक वर्षमा अपेक्षाकृत उपलब्धि भएको जनाइएको छ ।

एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयनको एक वर्ष पूरा भएका अवसरमा बुधबार आयोजित पत्रकार सम्मेलनमा आयोजनाको प्रगतिबारे जानकारी गराएको छ ।

कार्यक्रममा एमसिए नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले यस अवधिमा १८ किलोमिटर लामो सीमापार विद्युत् प्रसारण लाइनका लागि ठेकेदार छनोट भएको र ठेकेदारको पहुँचका लागि साइट तयार गर्नमा उल्लेखनीय प्रगति भएको बताउनुभयो ।





त्यस्तै दुई सय ९७ किमी प्रसारण लाइनका लागि यस वर्ष पुनःबोलपत्र आह्वान गरिने उहाँले उल्लेख गर्नुभयो। तीन वटा सबस्टेशनका लागि ठेक्का सम्झौता सम्पन्न भएको जानकारी दिँदै उहाँले वैशाख २७ गते तीन करोड ५५ लाख १० हजार अमेरिकी डलर रकम बराबरको नयाँ बुटवल, नवलपरासीपश्चिम सम्झौता सम्पन्न भएको उल्लेख गर्नुभयो ।गत असार १ गते पाँच करोड १६ लाख अमेरिकी डलर बराबरको रातमाटे, नुवाकोट तथा गत साउन १६ गते तीन करोड ८८ लाख ९० हजार डलर बराबरको नयाँ दमौली, तनहुँ सम्झौता सम्पन्न भएको जनाइएको छ ।

सडक मर्मतसम्भार आयोजनाका लागि सडक विभागलाई प्रयोगशाला स्तरोन्नति, सडक परीक्षण उपकरण र प्राविधिक तालिमलगायत सहयोग प्रदान गरिएको एमसिसीले जनाएको छ । धानखोलादेखि लमहीसम्म फूल डेप्थ रिक्लेमेसन (एफडीआर) प्रविधि प्रयोग गर्न ४० किलोमिटर लामो सडकखण्ड स्वीकृत भएको र यसैवर्ष बोलपत्र आह्वान गरिनेछ। आवधिक मर्मतसम्भारका लागि दुई वटा सम्भावित सडक खण्डको पहिचान गरी स्वीकृत भएको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै निर्माणस्थलमा पहुँच र जीविकोपार्जन पुनःस्थापनाअन्तर्गत १० जिल्लामा आठ सय ५६ वटा प्रसारण टावरका जग निर्माणका लागि जग्गाप्राप्तिमा प्रगति भएको, दुईवर्षे जीविकोपार्जन पुनःस्थापना कार्यक्रममार्फत दुई सय ७० जनालाई तालिम प्रदान गरिएको छ । जग्गाको मुआब्जा निर्धारण गर्न नौ जिल्लामा मुआब्जा निर्धारण समिति गठन भएको तथा धादिङ, मकवानपुर र नवलपर ासीपश्चिम गरी तीन जिल्लामा जग्गाको मुआब्जा निर्धारण गरिएको छ ।

नौ जिल्लामा पहिलो चरणको रुख गणना कार्य सम्पन्न भएको छ ।कार्यक्रममा एमसिसीका देशीय निर्देशक डियान एल फ्रान्सिस्केले समयमै एससिसी परियोजना कार्यान्वयनमा आइसक्ने विश्वास व्यक्त गर्दै परियोजना अघि बढाउन नेपाल सरकारको तर्फबाट पनि सहजीकरण भइरहेको बताउनुभयो ।

कार्यक्रमले गरिबीबाट हटाउन मद्दत गरेको उल्लेख गर्दै उहाँले आफूहरूसँग काम गर्ने सिलसिलमा विविध चुनौतीको सामना गर्ने, नवीन समाधान खोज्ने र सफलता हासिल गर्ने समृद्ध र विविध अनुभव रहेको बताउनुभयो ।यसैगरी डीन नेपालका लागि अमेरिकी राजदूत डीन आर थम्पसनले एमसिसी परियोजना समयमै सम्पन्न हुने विश्वास व्यक्त गर्दै यसमा सरोकारवालाको सहयोग भइरहेको उल्लेख गर्नुभयो। उहाँले आयोजना कार्यान्वयनका लागि नेपाल सरकारबाट आवश्यक सहयोग र समन्वय भइरहेको बताउँदै अमेरिकी सरकारले यस आयोजनालाई महत्त्वका साथ अघि बढाएको जानकारी गराउनुभयो ।

विगत एक वर्षमा एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयनमा वास्तविक गति आएको बताउँदै तीन वटा सबस्टेसनको ठेक्कामा हस्ताक्षर, विद्युत् नियामक प्राधिकरणलाई प्राविधिक सहयोगको व्यवस्था, आयोजना प्रभावित समुदायलाई सहयोग गर्न एमसीए साझेदारी कार्यक्रमको थालनी, १८ किमी प्रसारण लाइनको ठेक्कामा हस्ताक्षर र उल्लेखनीय प्रगति भएको जनाएको छ ।रासस

## युवती बेपत्ता तथा हत्या घटनाको सत्यतथ्य छानबिन गर्न माग

म्याग्दी । बेनी नगरपालिका-९ घतानकी १९ वर्षीय मिना परियारलाई बेपत्ता बनाइ हत्या गरेको घटनाको सत्यतथ्य छानबिन र दोषीलाई कारबाहीको माग गर्दै आज बेनीमा प्रदर्शन गरिएको छ ।

दलित एकता सञ्जाल, परियार सेवा समाज र मिजार समाज म्याग्दीको संयुक्त आयोजनामा भएको ऱ्याली बेनी बजार परिक्रमा गर्दै जिल्ला प्रशासन कार्यालय अगाडि पुगेर कोणसभामा परिणत भएको थियो । गैरदलितसँगको प्रेम सम्बन्धका कारण गर्भवती अवस्थामा बेपत्ता बनाइ हत्या गरिएकी मिनाको कङ्काल भेटिए पनि सबै आरोपीलाई पक्राउ गरी अनुसन्धान छिटो अगाडि बढाउन दबाबका लागि प्रदर्शन गर्नु परेको परियार सेवा समाजका अध्यक्ष प्रेम परियारले बताउनुभयो ।

"छ महिनाकी गर्भवती मिनालाई बेपत्ता बनाउने उनका प्रेमी राम खत्रीलगायत पाँच जनाविरुद्ध किटानी जाहेरी दिएका छौँ", मिनाकी भाउजु कमला बर्देवाले भन्नुभयो, "जङ्गलमा गाडिएको अवस्थामा भेटिएको कङ्काल, गहना र कपडा मिनाकै भएको पहिचान



गरेर जाहेरी दिए पनि प्रक्रियाको बहानामा सबै आरोपीलाई पक्राउ नगर्दा दोषी उम्कने खतरा छ ।"

विसं २०८० पुस १६ गतेदेखि मिना बेपत्ता थिइन् । गत साउन २७ गते बेनी नगरपालिका-९ आँखेखेत कालीमुलको जङ्गलमा गाडिएको अवस्थामा भेटिएको मानव कङ्काल, सुनको सिक्री, कपडा र चप्पल उनकै भएको दाबीसहित आफन्तले गत साउन ३० गते प्रेमी राम खत्रीलगायत पाँच जनाविरुद्ध किटानी जाहेरी दिएका थिए ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजन रायमाझीले भने जाहेरीका आधारमा अनुसन्धानका लागि चार जनालाई पक्राउ गरी हिरासतमा राखिएको र एक जना फरार रहेको बताउनुभयो । रासस

# राज्यको मूल प्रवाहमा मधेशी समुदायको सहभागिता सुधारात्मक

काठमाण्डु । नेपालको भौगोलिक क्षेत्रअनुसार तराईको क्षेत्रफल २३.१ प्रतिशत र जनसंख्या ५३.६६ प्रतिशत रहेको छ । मूल रुपमा तराई क्षेत्रमा मधेशी समुदायको बसोबास रहेको पाइन्छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार ३३.२८ प्रतिशत मधेशी समुदाय रहेको छ । जनगणनामा थारु र मुस्लिमको सङ्ख्यासमेत जोडिएको छ । जसमध्ये थारु ६.२ प्रतिशत, मुस्लिम ४.८६ प्रतिशत रहेको देखिन्छ। यसरी हेर्दा २२.२२ प्रतिशत पूर्ण मधेशी समुदायको जनसङ्ख्या रहेको यकिन गर्न सकिन्छ । मधेशी आयोगले पछिल्लो समय गरेको अध्ययनअनुसार नेपालको कूल ८६ हजार दुई सय ९६ निजामती कर्मचारीमध्ये आठ प्रतिशत सङ्ख्या मधेशीको रहेको छ । जसमध्ये ७६.६८ प्रतिशत अर्थात् ५३०३ जना प्राविधिक क्षेत्रमा, २२.७७ प्रतिशत अर्थात् एक हजार पाँच सय ७५ अप्राविधिक क्षेत्रमा र बाँकी ०.५३ प्रतिशत अर्थात् ३७ जना अन्य क्षेत्रमा रहेको तथ्याङ्कले देखाउँछ ।



त्यसैगरी सुरक्षा निकायमध्ये नेपाल प्रहरीमा १२ प्रतिशत अर्थात् नौ हजार चार सय ८२ जना मधेशी रहेका छन् । तथ्याङ्क सङ्कलनबाट वित्तीय क्षेत्रको माथिल्लो निकाय नेपाल राष्ट्र बैंकमा १२.११ प्रतिशत मधेशी रहेका छन् । मधेशी समुदायले विस्तारै निजामतीदेखि अन्य सेवामा आफ्नो क्षेत्र विस्तार गरे पनि मधेशी समुदायको जनसंख्याको आधारमा यो अत्यन्तै कम रहेको मूल्याङ्कन गर्न सकिन्छ ।

अध्ययनबाट मधेशी समुदायको उपस्थिति मुलुकभरका अधिकांश स्थानीय तहमा देखिन्छ । सातै प्रदेशका अधिकांश स्थानीय तहका प्रशासन, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा मधेशीहरुको उपस्थितिले उक्त क्षेत्रमा अब्बलता झल्काएको छ ।

मधेश प्रदेशसँगै देशभरका स्थानीय कार्यालयहरुमा प्राविधिक क्षेत्रबाहेक पनि अन्य सबै क्षेत्रमा मधेशीको पहुँच अध्ययनले देखाउँछ। नेपाली सेनामा करिब तीन प्रतिशत मधेशी सङ्ख्या हुनु तथा माथिल्लो पदहरुमा केही सङ्ख्यामा मधेशी पुग्नु भविष्यको लागि आशा जगाउने यथार्थको रुपमा चित्रित गर्न सकिने आयोगका अध्यक्ष डा विजयकुमार दत्तले जानकारी दिनुभयो। संविधान तथा निर्वाचनसम्बन्धी कानुनहरूमा भएको व्यवस्थाबमोजिम निर्वाचन आयोगले २०७४ सालमा सम्पन्न गरेको स्थानीय तह, प्रदेशसभा सदस्य, प्रतिनिधिसभा सदस्य, राष्ट्रियसभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनको परिणामअनुसार स्थानीय तहमा ४०.७५ प्रतिशत, प्रदेशसभामा ३४.४० प्रतिशत, प्रतिनिधिसभामा ३३.५३ प्रतिशत र राष्ट्रियसभामा ३७.३० प्रतिशत महिला तथा समावेशी समूहको प्रतिनिधित्व रहेको छ । सामाजिक समावेशी दृष्टिकोणले हेर्दा मधेशी र दलितको प्रतिनिधित्व स्थानीय तहमा क्रमशः १६ प्रतिशत र २४ प्रतिशत, प्रदेशसभामा क्रमशः १८ प्रतिशत र छ प्रतिशत, प्रतिनिधिसभामा क्रमशः १७ प्रतिशत र ७ प्रतिशत तथा राष्ट्रियसभामा क्रमशः आठ प्रतिशत र १२ प्रतिशत रहेको छ ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिका सभापति किरणकुमार शाहले पछिल्लो समयमा राज्यका संरचनाहरुमा केही मात्रामा मधेशी समुदायको प्रतिनिधित्व भए पनि सन्तुष्टि हुने अवस्था नरहेको विश्लेषण गर्नुभयो ।

उहाँले भन्नुभयो, "मुलुकमा समावेशीता लागू भएपपछि सरकारी कर्मचारीमा मधेशीको सहभागिता पनि बढ्दै गएको देखिन्छ तर त्यो पर्याप्त होइन ।" निजामती सेवा ऐनको दफा (७) मा पदपूर्तिसम्बन्धी व्यवस्था गरी विशिष्ठ श्रेणी बाहेकका पदमा खुला र बढुवाद्वावारा पदपूर्ति गरिने प्रतिशत निर्धारण गर्दै खुलाद्वारा पदपूर्ति गर्दा कूल पदको ३५ प्रतिशत पद विभिन्न समूह र भूगोलका लागि आरक्षण गरिएको छ । खुला प्रतियोगितामा आरक्षणको व्यवस्था गर्दै निर्धारितमध्ये ४५ प्रतिशत कायम हुन आएकालाई शतप्रतिशत मानी महिला, मधेशी, आदिवासी/जनजाति, दलित, पिछडिएको क्षेत्र र अपाङ्ग गरी छ समूहमा बढीमा ३३ देखि कममा चार प्रतिशतसम्म रहने गरी आरक्षित गरिएको छ। मधेशी, दलित, आदिवासी/जनजातिका लागि थरलाई आरक्षण दिने आधारका रुपमा लिइएको छ । आरक्षित पदसङ्ख्यामध्ये महिलालाई ३३ प्रतिशत, आदिवासी जनजातिलाई २७ प्रतिशत, मधेशीलाई २२ प्रतिशत, दलितलाई नौ प्रतिशत, अपाङ्गलाई पाँच प्रतिशत र पिछडिएको क्षेत्रलाई चार प्रतिशत पद सुरक्षित गरिएको छ ।

त्यसैगरी नेपाल विविध सेवातर्फ ३०२ जना, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवामा २२ जना, नेपाल इञ्जिनियरिङ सेवामा १२४० जना, नेपाल कृषि सेवामा एक सय ७५, नेपाल न्याय सेवामा दुई सय ५२, नेपाल परराष्ट्र सेवामा १४, नेपाल प्रशासन सेवामा एक हजार तीन सय १२, नेपाल लेखा परीक्षण सेवामा २२, नेपाल वन सेवाममा २९८, नेपाल शिक्षा सेवामा ८७, नेपाल संसद् सेवामा तीन, नेपाल स्वास्थ्य सेवा तीन हजार एक सय ७५, व्यवस्थापिका संसद् सेवा चार, संवैधानिक पदाधिकारी छ र अन्य दुई जना गरी छ हजार ९१५ जना मधेशी समुदायको प्रतिनिधित्व रहेको छ ।

सङ्घ र प्रदेश तहमा निजामतीमा मधेशी समुदायको सङ्ख्या हेर्दा सङ्घमा पाँच हजार तीन सय ३३, कोशी प्रदेशमा एक सय ४१, मधेशमा एक हजार दुई सय ५४, बागमतीमा ४२, गण्डकीमा छ, लुम्बिनीमा एक सय ९, कर्णालीमा छ र सुदूरपश्चिम प्रदेशमा २४ जना रहेको देखिन्छ ।

आयोगका सचिव नरेशराज खरेलले भन्नुभयो, "तहगत रुपमा निजामती कर्मचारीमा मधेशीको संख्या हेर्दा अतिरिक्त न्यायाधीश एक, न्यायाधीश उच्च अदालत चार, जिल्ला न्यायाधीश एक, अधिकृत एघारौँ पाँच, अधिकृत दशौँ १४, अधिकृत नवौँमा २२, अधिकृत आठौँ १०१, अधिकृत सातौँ २०, अधिकृत छैटौँ ४४, सहायक पाँचौँ एक सय ५४, सहायक चौँथो एक सय ८१, दशौँ तह दुई नवौँ तह १० र आठौँ तह ७५ जना रहेका छन् ।" प्राविधिकमा पाँच हजार तीन सय तीन, अप्राविधिक एक हजार पाँच सय ७५ र अन्यमा ३७ जना, नेपाली सेना दुई हजार दुई सय ६९, नेपाल प्रहरी नौ हजार चार सय ८२, सशस्त्र प्रहरी बल पाँच हजार चार सय ७४, राष्ट्रिय अनुसन्धान विभागमा दुई सय ६२ जना रहेको अध्ययनले देखाएको छ। नेपाली सेनातर्फ रथीवृन्द तथा अधिकृतस्तरमा ९३ र पदिक तथा अन्य दर्जामा दुई हजार एक सय ७६ गरी जम्मा दुई हजार दुई ६९ रहेको छ ।


नेपाल प्रहरीमा मधेशी समुदायको प्रतिनिधित्व हेर्दा प्रअमनि एक, प्रनामनि दुई, प्रवउ छ, प्रउ पाँच, प्रनाउ २५, प्रनि ११९, प्रवनानि ७४, प्रनानि २३७, प्रसनि एक हजार २६, प्रवह ५५७, प्रहरी एक हजार आठ सय ४६, प्रजमा ३ हजार ८५९, प्रकाशमा २३३ गरी जम्मा नौ हजार ४८२ रहेको तथ्य छ। राष्ट्रिय अनुसन्धान विभागतर्फ राप प्रथम श्रेणीमा तीन, राप द्धितिय श्रेणी १४, राप तृतीय श्रेणी १२, रापअनं. प्रथम २८, रापअनं. द्धितीय ७८, रापअनं. तृतीय ४३ र रापअनं. चतुर्थमा ८४ गरी जम्मा २६२ जना रहेका छन् । सशस्त्र प्रहरीमा पाँच हजार ४७४ जना अधिकृत तथा सहायकस्तर रहेका छन् । संवैधानिक आयोगतर्फ लोक सेवा आयोगमा एक पदाधिकारी र २४ कर्मचारी, महालेखा परीक्षकको कार्यालयमा ३३ कर्मचारी मधेशी आयोगका पाँच पदाधिकारी र दुई जना कर्मचारी, महिला आयोगमा एक जना पदाधिकारी र तीन कर्मचारी, राष्ट्रिय मानव अधिकार आयोगमा एक पदाधिकारी र ३२ कर्मचारी, मुस्लिम आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय समावेशी आयोग र राष्ट्रिय दलित आयोग भने मधेशी समुदायको पदाधिकारी र कर्मचारी शून्य रहेको छ ।

संसद् सचिवालयतर्फ सङ्घीय संसद्मा ६९ सांसद र १७ जना कर्मचारी रहेका छन् । त्यसैगरी मधेश प्रदेशमा एक सय ६८ जना सांसद र ७९ जना कर्मचारी रहेका छन् । 'राष्ट्रिय समाचार समिति (रासस) मा ३२ जना, रेडियो नेपालमा ६६, गोरखापत्र संस्थानमा १७ र नेपाल टेलिभिजनमा ६३ जना गरी जम्मा एक सय ७८ जना मधेशी समुदाय रहेको पाइएको छ', अध्ययन प्रतिवदेनमा भनिएको छ ।

नेपाल राष्ट्र बैंकमा एक सय ३६, कृषि विकास बैंक दुई सय २१ र नेपाल बैंक लिमा तीन सय ७८ गरी जम्मा सात सय ३५ मधेशी समुदायका कर्मचारी रहेका छन् । मधेशी समुदायको हक हित प्रबर्द्धन गर्दै उनीहरुलाई राज्यको मूलप्रवाहमा प्रवाहीकरण गर्न नेपालको संविधानको धारा २६२ मा मधेशी आयोगको व्यवस्था गरिएको छ। मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले मधेशी आयोग ऐन, २०७४ बनाई २०७४ असोज २७ गते राष्ट्रपतिबाट प्रमाणीकरण भई विधिवत रुपमा मधेशी आयोगको गठन भएको हो। सरकारको २०७५ कात्तिक २७ गतेको निर्णयबाट मधेशी आयोगको कार्यालयको स्थापना भएको हो । मधेशी आयोग ऐन २०७४ को दफा ७ अनुसार मधेशी समुदायको सम्बन्धमा तीनै तहका सरकारलगायतका सरोकारवाला संस्थाहरुमा सुझाव र सिफारिस गर्ने कानुनी अधिकार रहेको छ ।


संविधानको प्रस्तावनामै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसाथ गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गदै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद् र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक, समानता, सवृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने भनिएको सन्दर्भमा समावेशी राज्य निर्माण गर्न जरुरी छ ।

राज्यका हरेक संरचनामा महिला, आदिवासी जनजाति, मधेशी, दलित, पिछडिएको क्षेत्रलागयत सिमान्तकृत समुदायको समान सहभागिता हुन आवश्यक देखिन्छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

# हाम्रो स्कुल पाठ्यक्रमलाई कसरी बनाउने विश्वस्तरको?



प्रविज्ञ रेग्मी

पाठ्यक्रम विकास केन्द्र, सानोठिमीमा केही दिनअघि केन्द्रका सबै पाठ्यक्रम विशेषज्ञहरूसँग छलफल गर्ने मौका पाएको थिएँ।

छलफलको मुख्य अन्तरवस्तुमा मैले नेपालको पाठ्यक्रमलाई विश्वस्तरीय बनाउन सकिन्छ भन्ने तथ्य लिएँ र यसैका बौद्धिक र प्राविधिक पक्षलाई प्रस्तुतीकरणको बहसमा राखेको थिएँ। हामीले पाठ्यक्रमको माध्यमबाट शैक्षिक प्रक्रियाको चुरो समात्न सकेमा हाम्रा सामुदायिक स्कुलले उच्च शैक्षिक प्रतिफल हासिल गर्न सक्छन् र शिक्षामा परिवर्तन सम्भव हुन्छ भन्ने विचार राखेको थिएँ।त्यसैको सार संक्षेप यहाँ प्रस्तुत गरेको छु।

विषय जटिल होला वा यसका कार्यान्वयनका आयाम बहुपक्षीय र चुनौतीपूर्ण होलान्, तर यो विषय अब उठान हुनुपर्छ। यथास्थितिमा असम्भव लाग्ने यो शैक्षिक यात्रामा एकदिन नेपाल नलागी हुँदैन। तसर्थ, ढिलाइ नगरी नेपालको विद्यालय पाठ्यक्रम र शिक्षणलाई विश्वस्तरीय बनाउने जमर्को हुनुपर्छ।

शिक्षाको अन्तर्यमा स्वदेशी वा विदेशी शिक्षा भन्ने हुँदैन, शिक्षाको मूल मर्म मात्र हुन्छ। शिक्षाका दर्शन र प्रयोग कुनै क्षेत्र वा देश विशेषका आफ्ना हुँदैनन्; ती विश्वव्यापी हुन्छन्। साक्षरता, मौलिक चिन्तन, वृत्तिविकास, सिकाइका प्रक्रिया, विषयवस्तुको ज्ञान वा चरित्र निर्माणका तथ्यहरू सबै मानवजातिलाई समान रूपमा लागू हुन्छन्।

उपर्युक्त सत्यलाई आधार मान्दा देश वा क्षेत्र विशेषका शिक्षा प्रणालीमा केवल एक आयामलाई मात्र सम्बोधन गरे पुग्छ, त्यो हो शैक्षिक सन्दर्भ। कुनै देश विशेषको संस्कृति र पहिचान, सम्प्रदाय विशेषको धर्म, भाषा, मूल्य र मान्यताले शिक्षाको सन्दर्भलाई परिभाषित गर्छन्।

शिक्षाको उल्लिखित विश्वव्यापी चुरो कायम गरेर स्थानीय सन्दर्भलाई सहजै अनुकूलता दिन सकिन्छ। ठीक यसै विन्दुमा राष्ट्र विशेषको पाठ्यक्रमको बनावटमा भूमिका रहन्छ।यसलाई यसरी बुझौं – एक शक्तिशाली गाडीको इन्जिनलाई कुनै पहाडका भौगोलिक कठिनाइका आधारमा संसोधित गरी ठूला चक्का राखेर सहज रूपमा प्रयोग गर्न सकिन्छ भने त्यही इन्जिनलाई समथर जमिनमा अलग्गै बनावट तयार गरी उच्च गतिमा कुद्ने साधन बनाउन सकिन्छ।यसलाई शिक्षामा सन्दर्भको अनुकूलता भनिन्छ।

हामीले यही शैक्षिक अन्तर्यको पक्षमा फड्को मार्न सकेमा अन्य कुनै विदेशी पाठ्यक्रमका खाका हामीलाई आवश्यक पर्ने छैन। हाम्रो आवश्यकता शिक्षाको मूलमा छ र विश्वस्तरीय पाठ्यक्रमको निर्माण नगरी त्यसको मर्ममा परिवर्तन आउनेवाला छैन।हामीले पाठ्यक्रम निर्माण गर्दा शिक्षाको मूललाई केन्द्रमा राखेर नेपालको सन्दर्भ र अन्तर्राष्ट्रिय प्रसंगलाई पनि उत्तिकै महत्त्व दिएर विश्वस्तरीय मापदण्ड कायम गर्नुपर्छ।

हाम्रा स्कुलहरूले मूलतः पाठ्यक्रमलाई ज्ञानको विषयसूचीका रूपमा मात्र लिएको देखिन्छ। तर पाठ्यक्रमसँग शिक्षाको अर्का दुई अन्योन्याश्रित पाटाहरू मूल्यांकन र शिक्षणलाई गौण राखिएको छ।तसर्थ, विश्वस्तरीय पाठ्यक्रम निर्माण गर्दा ती दुई आयामलाई नीतिगत रूपमा सम्बद्ध गर्न अपरिहार्य हुन्छ।शिक्षणद्वारा पाठ्यक्रम कार्यान्वयनमा ल्याउँदा यसलाई उपयुक्त शैक्षिक विधिसँग नजोडेमा शिक्षाको गुणस्तर भयावह रूपमा खस्किन्छ। हाम्रो एक मुख्य चुनौती यहाँ छ।

पाठ्यक्रममा विषयवस्तुको गहिराइ बढाएर वा सिकाइ उपलब्धिलाई खाँदेर मात्र विश्वस्तरीय बन्दैन। दिइने ज्ञानलाई बालबालिकाका विकासात्मक आवश्यकताहरूसँग समन्वय गर्नुपर्छ। र, यसको सुक्ष्म अध्ययन र अनुसन्धानका आधारमा राज्यले शैक्षिक कार्यक्रम तयार गर्नुपर्छ।हाम्रो पाठ्यक्रममा सिकाइ उपलब्धिको कमी देखिँदैन। नयाँ शैक्षिक पहुँलाई पनि स्थान दिइएको छ। गएको दशकभन्दा हालको पाठ्यक्रम सबै पक्षमा प्रगतिउन्मुख छ। कक्षा एकदेखि

निजी प्रकाशकहरूलाई पनि सही नीतिगत आधार राखेर उच्चस्तरका पाठ्यक्रम संरेखित पाठ्यपुस्तक प्रकाशन गर्ने स्वतन्त्रता दिनुपर्छ। कुनै प्रकारले हलो अड्काउनु हुँदैन।उपरोक्त तीन पक्षले लिखित पाठ्यक्रम, शिक्षा शिक्षण प्रक्रिया र मूल्यांकनलाई चलायमान बनाउने छ। र, हाम्रा सामुदायिक स्कुलहरूले पनि विश्वस्तरीय शिक्षालाई क्रमशः व्यवहारमा उतार्न सक्ने छन्।

तीनको एकीकृत पाठ्यक्रमको सुरूआत सराहनीय कदम हो जसले शिक्षाको विश्वस्तरीयतालाई पहल गरेको छ। तर यसैको प्रभावकारिताका लागि अन्तरविषयक संयोजनका लागि बनाइएका 'थिम' ले अन्तरविषयक ज्ञानलाई पूर्णता दिँदैन।

उदाहरणका लागि – 'म र मेरो परिवार' को ठाउँमा फराकिलो प्रश्नवाचक वाक्य, जस्तै मेरो परिचय के हो? राखेर परिचयमाथि केन्द्रित गरी खोज गर्न लगाएमा बालबालिकाले अन्तरविषयक ज्ञान कायम गर्दै मौलिक चिन्तन विकास गर्छन्।थिम वाक्यहरूले ज्ञानलाई प्राथमिकतामा राख्छन् भने प्रश्नवाचक थिमले विचार र छलफललाई उत्प्रेरित गर्छन्। व्यापकता भएका प्रश्नले सिकाइलाई अनुसन्धानमा आधारित र मौलिक बनाउँछ। र, सिकाइ प्रक्रिया थप क्रियाशील बन्छ।

यसैगरी पाठ्यक्रमबाटै अनुभवात्मक सिकाइ निर्देशित गरी शिक्षण प्रक्रियालाई विद्यार्थी केन्द्रित बनाउन सकिन्छ।उदाहरणका लागि – विषय विशेष सिकाइ उपलब्धिका सूचीमा मात्र पाठ्यक्रमलाई सीमित नगरी 'म र मेरो परिवार' शीर्षकको उपलब्धिमा बालबालिकाले परम्परा, जिम्मेवारी र अनुभवलाई आधार राखेर भाषागत, सामाजिक र वातावरणीय ज्ञान लिनेछन् भन्ने आशय भएमा, त्यस अनुरूप उपलब्धि र सुयोग्यता परिभाषित गर्दा विद्यार्थीकेन्द्रित शिक्षण विधि निर्देशित हुन्छ। यसले चिन्तनको विकासमा सहयोग गर्छ र बौद्धिक उपलब्धि ल्याउँछ।

अधिकांश शिक्षकहरू अझै पनि एकीकृत पाठ्यक्रमको व्यावहारिक प्रयोगमा अभ्यस्त नभएको पाएको छु। सुरूआतको अवस्थामा कुनै दुई विषयको समरूपताका आधारमा पनि विद्यालयमा थिम निर्माण गर्न सकिन्छ। पूर्ण रूपमा एकीकृत पाठ्यक्रमको प्रयोगमा कठिनाइ भए यसको विषमताको पहुँच हटाएर लचकता अपनाउँदा शैक्षिक गुणस्तरमा धेरै फरक पर्दैन।

पाठ्यक्रम विकास केन्द्रलाई दक्ष शिक्षक अभाव भएका विकट जिल्ला र सुगम राजधानीका निम्ति एउटै पाठ्यक्रम बनाउनुपर्ने चुनौती छ। यसले गर्दा विशेषतः सहरी क्षेत्रका बालबालिकाको आउन सक्ने थप उपलब्धिलाई समता दिएको छैन। यसलाई सम्बोधन गर्न पाठ्यक्रमको क्षेत्रमा व्यापकता र त्यसमा लचकता अपनाउन सकिन्छ।

यसका लागि एक केन्द्रीय र विश्वस्तरीय पाठ्यक्रम निर्माणपश्चात् त्यसका दिशानिर्देशनका आधार खडा गरेर स्थान विशेषको आवश्यकताहरूलाई मध्यनजर गरी स्थानीय सरकारसँग समन्वय गरेमा पाठ्यक्रम लचिलो र प्रभावकारी बन्छ।

शिक्षाको सर्वव्यापकतालाई कुनै अभीष्ट विचारसँग सन्दर्भ जोडेर पाठ्यक्रम निर्माणमा संकुचन आउन हुँदैन। हाम्रो शिक्षा नीति थप उदार हुनुपर्छ, कुनै राजनैतिक वा वैचारिक संकीर्णताबाट प्रेरित भएर बनाइएका खाकाका आधारमा नीतिगत प्रभाव पारिनु हुँदैन।

विशेषतः विदेशमा व्यवहारमा आएका कुनै शैक्षिक उत्तम अभ्यासहरू छन् र तिनलाई सन्दर्भ मिलाएर हामीले प्रयोग गर्दा राजनीतिक वा नीतिगत प्रणालीको आधारमा विदेशी शिक्षा मानिनु हुँदैन। हाम्रो पाठ्यक्रमको दर्शन, मान्यता र सन्दर्भ फरक नपार्ने विविध स्तरिकृत र उपयुक्त किताबहरू वा सन्दर्भ सामग्रीलाई औपचारिक शिक्षणमा निषेध गर्नु हुँदैन। उचित सामग्री समायोजन गर्दा पाठ्यक्रम बाहिर पढाएको मानिनु हुँदैन। स्कुललाई दिइने यो स्वतन्त्रताले हाम्रा बालबालिकालाई विश्व सन्दर्भबाट अलग र फरक हुन दिँदैन।

यसका लागि उपयुक्त मापदण्ड वा निर्देशिका दिइएमा सक्षम स्कुलहरूले त्यसका आधार राखेर विश्व प्रसंगमा शिक्षा दिन सक्छन्। निर्धारितभन्दा परका सन्दर्भ सामग्री भरपुर प्रयोग गर्न पाएमा स्कुल पाठ्यपुस्तकबाट मुक्ति पाउन सक्छ र शैक्षिक गुणस्तरमा वृद्धि हुन्छ।

तर नेपालको आफ्नै शैक्षिक सन्दर्भ, समावेशिता, स्वर वर्णको ज्ञान, प्रिन्ट अवधारणा र भाषिक ज्ञानका पक्षलाई लिएर बनाइएको उपलब्धिका परिभाषाहरू हाम्रो पाठ्यक्रमका सबल पक्षहरू हुन्। यस्तै व्यवहार कुशल सीपहरूको समायोजन, थिमेटिक मूल्यांकनका लागि दिइएका खाका, केही आधारभूत निर्देशनहरू, धेरै हदसम्म मिलाइएका विषयवस्तुका क्षेत्र र क्रमका साथै उल्लिखित सिकाइ सहजीकरण विधिका निर्देशन विस्तृत रूपमा नभए पनि स्पष्ट छन्।

उपर्युक्त पक्षले पाठ्यक्रमलाई पूर्णता दिन खोजिएको आभास हुन्छ। तर धेरै स्कुलमा यसको न्यूनतम पनि अभ्यास हुँदैन। यसरी निर्माण गरिएका प्रगतिशीलता उन्मुख पाठ्यक्रमलाई परम्परागत ढंगमै लगिँदा यसको उचित प्रतिफल आएको छैन। गुणस्तरीय र धेरै किसिमका शैक्षिक रणनीतिहरूलाई एक व्यापक खाकाको आधार लिएर कक्षाकोठाहरू सक्रिय बनाए विश्वस्तरीय पाठ्यक्रम कार्यान्वयन गर्न सम्भव हुन्छ।

शैक्षिक विश्वस्तरीयता कायम गर्न हाल तयार गरिएको शिक्षक निर्देशिका मूलभूत रूपमै परिमार्जन गरी पुनर्लेखन गरिनुपर्छ। विशेषतः एकै ढाँचामा प्रस्तुत र निरश विधिहरूमा विविधता कायम गरे कक्षाकोठाहरू जीवन्त बन्छन्। यसले सिकाइ प्रक्रियामा विभेदीकरण ल्याउँछ र विद्यार्थीका अद्वितीयपनलाई सम्बोधन गर्छ।

कक्षाकोठामा प्रयोग हुने विधिहरू अनगिन्ती हुन्छन्। त्यसैले उपयुक्त विधि विद्यार्थीका आवश्यकता पहिचान गरेर मात्र लगाउन सकिन्छ। उही प्रकारका विधिको उस्तै किसिमको रटाइले विद्यार्थीमा वैचारिक प्रेरणा ल्याउन सक्दैन। हाम्रो शिक्षक निर्देशिकालाई यहाँ स्तरोन्नति गर्नुपर्ने देखिन्छ।

दक्षिण पूर्वी एसियाली राष्ट्र भियतनामले हालै शिक्षामा गरेको परिवर्तन उदाहरणीय छ।पाठ्यक्रममा व्यापक परिवर्तन, सुयोग्यता केन्द्रित शिक्षा र सोहीअनुसारको शिक्षक तालिम त्यहाँको शैक्षिक परिवर्तनका प्रमुख कारण हुन्। भियतनामको पाठ्यक्रमले सिर्जनशीलता, मौलिक चिन्तन र स्वसिकाइलाई आधार मानेको छ।सारमा, नेपालको पाठ्यक्रमले तीन अन्तर्निहित धारहरू पक्डिएमा कुनै हदसम्म विश्वस्तरीयता कायम गर्न सक्छ।

एक, पाठ्यक्रम आफै व्यापक, लचकदार, बालविकासलाई सम्बोधन गर्ने, व्यावहारिक र नेपालसहित विश्व सन्दर्भसँग जोडिएको हुनुपर्छ। उपलब्धिका सूचीहरू संगठित गर्दै यिनलाई थप योजनाबद्ध गर्नुपर्छ।दुई, यो सुरूआती चरणमा स्तरीय शिक्षक निर्देशिकामार्फत्, जसमा पहिलो - क्रमिक रूपमा योजनाबद्ध गरिएका संरेखित उपलब्धिहरू; दोस्रो - विविध र निरन्तरको निर्माणात्मक मूल्यांकन विधिहरू; र, तेस्रो - व्यापक सिकाइ रणनीति र विभेदीकरणका शैलीलाई शिक्षक तालिम गरी कक्षाकोठामा पुर्‍याएमा हाम्रो पाठ्यक्रमको प्रभावकारिता विश्वको शैक्षिक स्तरसँग निकट पुग्न सक्छ।

तीन, अधिकांश स्कुलहरू पाठ्यपुस्तकमा निर्भर भएको हालको अवस्थामा र सबै विद्यार्थीको पहुँच भएको पाठ्यपुस्तकमा पाठ्यक्रमको मूल मर्मका आधारमा पाठ्यसामग्री चयन गरेर पुनर्लेखन गर्न अपरिहार्य छ। हालका पाठ्यपुस्तक हाम्रा विद्यमान पाठ्यक्रमसँग पनि संरेखित र स्तरीय छैनन्।

निजी प्रकाशकहरूलाई पनि सही नीतिगत आधार राखेर उच्चस्तरका पाठ्यक्रम संरेखित पाठ्यपुस्तक प्रकाशन गर्ने स्वतन्त्रता दिनुपर्छ। कुनै प्रकारले हलो अड्काउनु हुँदैन।उपरोक्त तीन पक्षले लिखित पाठ्यक्रम, शिक्षा शिक्षण प्रक्रिया र मूल्यांकनलाई चलायमान बनाउने छ। र, हाम्रा सामुदायिक स्कुलहरूले पनि विश्वस्तरीय शिक्षालाई क्रमशः व्यवहारमा उतार्न सक्ने छन्।

## सम्पादकीय

# आमरण अनसन

आमरण अनसन दबाबमूलक शक्तिशाली हतियार हो । व्यक्ति , नेता , संघ संस्थाका अभियन्ताले माग सम्बोधन गराउन अनसन रुपी अस्त्र प्रयोग गरेको इतिहास र वर्तमान छ। विरोध , फरक मत जनाउन , समस्या समाधान गराउन , नीति योजना कार्यान्वयन गराउन , संशोधन लगायतका सन्दर्भमा दबाबमूलक अहिंसात्मक तरिकाका रुपमा यो अस्त्रलाई माध्यम बनाइएको पाइन्छ। सरकारी निर्णय , नयाँ नीतिको कार्यान्वयन , पुरानाको संशोधनका विषय तथा त्यसमाथि पुनर्विचार , परिवर्तन गराउन अनसन मार्फत दबाब दिने विश्वव्यापी मान्यता छ। ससारको पहिलो अनसनको रामायणको अयोध्या काण्डमा वनवास गएका दाजु रामलाई फर्काउन हरप्रयास गर्दा पनि सम्भव नभएपछि दाजु अयोध्या नफर्किएसम्म केही नखाने र राजगद्दी पनि नसम्हाल्ने भन्दै भाइ भरत अनसनमा बसेका थिए। पछि रामले सम्झाई बुझाई गरेर रामलाई आफ्नो खराउ दिएर मनाएको रामायणमा उल्लेख पाइन्छ। नेपालमा पहिलो अनसन विपी कोइराला साइत हेराएरै बसेको आमरण अनसन नेपालको इतिहासमा चर्चित छ। २००५ सालमा जेल परेपछि उनले कृष्णप्रसाद भट्टराई जेठा दाजु बटुकप्रसादले जुराइदिएको तिथिमा अनसन शुरु गरेका थिए। अक्षय तृतीयाको दिन शुरु हुने भनेपछि विपी त्यही दिनबाट अनसनमा बसेका थिए। विपीको २१ दिने त्यो राणाविरोधी अनसनपछि साना अनसन देशमा धेरै भए। केही वर्षदेखि चिकित्सक डा. गोविन्द केसीको अनसन चर्चामा छ। नेपालमा अर्को चर्चित अनसन गोरखा द्वन्द्वपीडित अधिकारी दम्पत्ती नन्दप्रसाद र गंगामायाको छ। अनसन गरेको तीन सय २९ दिन ( २०७१असोज ६ गते ) नन्दप्रसादको मृत्यु भएपछि गंगामायाले सरकार र मानवअधिकारकर्मीको आग्रहमा कार्तिक २ गते तीन सय ५८ दिन लामो अनसन तोडेकी थिइन तर आफ्नो माग पूरा नभएपछि पुनः जेठ १५ गतेदेखि अनसनमा बसेकी थिइन। यो क्रम रोकिएको छैन। राजनीतिक मुद्दादेखि स्थानीय समस्यामूलक आन्दोलन , अनसनको क्रमले निरन्तरता पाएको देखिन्छ। श्रीमानबाट यातना , शोषण , उत्पीडन , मिटरब्याजी पीडितको अनसन आन्दोलन , उखु कृषकको आन्दोलन र अनसन बेला बेलामा भइ नै रहेकै छ। मधेश प्रदेशको जनकपुरधाम कमला पुल , हुलाकी सडक निर्माण , चुरे संरक्षण लगायतका मागको सम्बोधनका लागि जनक चोकमै अभियन्ताहरुले अनसन गरेको अध्याय छ। अनसन तोडनका लागि वाचा गर्ने तर त्यसलाई कार्यान्वयन गराउनमा उदासीन हुने प्रवृत्ति पनि अनसनले निरन्तरता पाउनुको कारक हो। यसै पृष्ठभूमिमा मुख्यमन्त्री कार्यालय अगाडि जनप्रतिनिधि , इन्जिनियर लगायतले आमरण अनसन थालेका छन्। मुख्यमन्त्री सतीसकुमार सिंह आमरण अनसनलाई स्टन्टबाजीको संज्ञा दिएका छन्। स्टेन्टबाजी भन्दै गम्भीर नहुने प्रवृत्तिको परिणाम दुष्कर साबित भएको तथ्यप्रति हेक्का राख्दै समाधानको अस्त्र संवादलाई बनाउनु आवश्यक छ।

# केटाकेटीले नसिकेका हुन् कि हामीले नसिकाएको?



प्रेमबहादुर विश्वकर्मा

म पेसाले शिक्षक। एक दिन आफ्नै कक्षमा थिएँ।कक्षा ९ मा पढ्ने एक विद्यार्थीका अभिभावक आफ्नो छोराको कुरा लिएर आउनुभयो र भन्नुभयो - मेरो छोरो पढ्न केही पनि जान्दैन, भनेको पनि मान्दैन, के गर्ने होला!उहाँको अनुहारमा अलिकति थकान र अलिअलि आवेग अनुभव गरेँ। केही बेर उहाँको कुरा सुनेँ।

छोराप्रति गुनासो थियो - उसलाई सबै अवसर छ तर पनि सिकेन, पढाइमा साह्रै कमजोर भयो।लाई त्यो विद्यार्थीले कति अवसर पाएको छ भन्ने जान्न मन लाग्यो।अभिभावकलाई सोधेँ - तपाईंको छोरो घरमा हुँदा के काम गर्छ?'केही गर्दैन। मन लागे अलिअलि पढ्छ नत्र कोठामा बसेर मोबाइल (फोन) चलाउँछ। बाहिर कहीँकतै जाँदैन, सोझो छ, ज्ञानी पनि छ।'उहाँ रोकिनुभएन।

'केही सुध्रेला, सिक्ला र ठूलो मान्छे बन्ला भनेर यति धेरै पैसा खर्च गरेर विद्यालयमा हालेँ। केही पनि जान्दैन। केही उपाय लगाइदिनुपर्‍यो। यस्तै हो भने त अर्को वर्ष कसरी एसइई पास गर्ला र!'

मैले फेरि सोधेँ - घरमा हुँदा कति बजे उठ्छ? आफै उठ्छ कि उठाउनुपर्छ?'केको उठ्थ्यो सर! उठाउनुपर्छ।'बिहान उठेपछि आफ्नो ओछ्यान आफै मिलाउँछ कि मिलाउँदैन?''मिलाउँदैन।''आफ्नो लुगा धुन्छ कि धुँदैन?''धुँदैन।'

'खाना पकाउन र भाँडा सफा गर्न सघाउँछ कि सघाउँदैन?''केही पनि गर्दैन। घरमा त एउटा सिन्को भाँचेर दुइटा पनि पार्दैन।'अभिभावकले छोरालाई घरमा सिक्ने अवसर कति दिनुभयो भन्ने मैले थाहा पाइनँ। पढ् भनेर चाहिँ बारम्बार भन्ने गरेको हुनसक्छ।यो त भयो घरको कुरा।बाहिर जाने, सिक्ने र जिम्मेवारी लिनेबारे पनि कुरा गर्न मन लाग्यो।मैले सोधेँ - तपाईंको छोरा घरमा चाहिने सामान किन्न बजार जान्छ कि जाँदैन?'बाहिर पठाउन डर हुन्छ। असुरक्षा छ। हामी पठाउँदैनौं।'

'घर वरिपरि करेसाबारी छ?''छ तर हामी त्यो काममा पनि लगाउँदैनौं।''किन?''काम गर्न जान्ने होइन, माटोमा लुगा फोहोर बनाउने मात्रै हो।'मैले सोधेँ - के माटो भनेको फोहोर हो र?'फोहोर नै त होइन तर बारीमा पठाएर पनि त्यसले काम गर्ने होइन।''किन केही पनि काम नलगाउनुभएको त?'

'हामी उसलाई डाक्टर बनाउन चाहन्छौं। काम गरेर हुँदैन, राम्रो पढोस् भन्ने सोचेका हौं।'माटोले मानिसलाई जीवन सिकाउँछ। जीवनलाई प्रकृतिसँग जोड्छ। आज हामी सबै माटोमै भएर पनि माटोबाट भाग्दैछौं, हाम्रा छोराछोरीलाई पनि भगाउँदैछौं।यसो भएपछि कसरी बढ्छ कृषि उत्पादन! कसरी हुन्छ कृषिक्रान्ति! कसरी हुन्छ अर्थतन्त्र सुधार!

मेरो मन बहकिएछ।आफूलाई टुंगामा फर्काएर फेरि अभिभावकलाई सोधेँ - तपाईंको छोरो घर छाडेर कतै जाँदैन, कसैसँग कुरा गर्दैन, केही काम पनि गर्दैन, अनि कसरी सिक्छ? कोसँग सिक्छ? अब कहिले सिक्छ?

'सिकोस् भनेरै स्कुल हालेको हो नि! राम्रो पढ्ला र डाक्टर बन्ला भनेर।'अभिभावकको कुरा सुनेर छक्क परेँ। उहाँको भावना अन्यथा होइन, छोरालाई कुनै काम नलगाई पढाउने विचार नराम्रो हो भन्न मिलेन।अब कुरा गरौं विद्यालयले सिकाउने तरिकाको, विद्यालयमा उपलब्ध हुने सिकाइ अवसरको।

केही अपवाद छाडेर अधिकांश विद्यालयमा विद्यार्थीलाई सजिलो हुने गरी होइन, शिक्षकलाई सजिलो हुने गरी पढाइन्छ। हामी शिक्षकको एकल प्रस्तुति हुन्छ, प्रवचन विधि हुन्छ। शिक्षकले तयार गर्ने र शिक्षकले नै प्रस्तुत गर्ने अनि विद्यार्थी हाई काट्दै दर्शक-श्रोता बन्ने तरिका हुन्छ।

आफ्नो प्रस्तुति सकिएपछि सोधिन्छ - बुझ्यौ कि नाइँ?विद्यार्थीहरू एक स्वरमा भन्छन् - बुझ्यौं सर, बुझ्यौं मिस। अनि हामी अघि बढ्छौं।

पाठको योजना र तयारी हामी शिक्षकको, कक्षामा बोल्ने र केही लेख्नुपर्‍यो भने लेख्ने पनि हामी नै, अन्तर्क्रिया पनि हामीले चाहे अनुसारको।

मूल्यांकन गर्ने पनि हामी आफै।

मेरो मनमा प्रश्न उब्जिन्छ - यस्तो शिक्षण विधिबाट खासमा सिकाइको अवसर हामी शिक्षकलाई प्राप्त हुन्छ कि विद्यार्थीलाई? सिकाइ प्रक्रियामा विद्यार्थीहरूले के काम पाउँछन्? सुनेर र हेरर मात्रै जान्ने हुनुपर्छ कि आफैले गरेर? शिक्षकले सिकाउने हो कि सूचना संकलन गरिदिने हो?

विद्यालय वास्तविक संसारमा हुने, गर्नुपर्ने र आइपर्ने काममा आवश्यक ज्ञान, सीप र धारणा विकासका लागि संसारको सानो अनुकृति हो। विद्यालयले यसैअनुसार विद्यार्थीलाई दीक्षित बनाउन सकेको हुनुपर्छ। अभिभावक, शिक्षक र समाजका सदस्यले तत् तत् स्थानबाट जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्छ। सिकाइको सहभागितामूलक अवसर सिर्जना गरिदिनुपर्छ।यसो हुँदा मात्र यो आलेखको प्रारम्भमा प्रस्तुत गरिएका जस्ता अभिभावकको चिन्ता दूर हुन सक्छ।

खासका विद्यार्थीले सहभागिताबाट सिक्ने अवसर नै पाएको हुँदैन।सिकाइ हुन सबैभन्दा पहिला सोचाइ चाहिन्छ। त्यसपछि सञ्चार अनि खोज, छलफल, बहस, प्रस्तुति, विश्लेषण, संश्लेषण, प्रयोग, रचना आदि गतिविधि चाहिन्छ। यो सबै काममा विद्यार्थी सहभागी भएको हुनुपर्छ तर हामी शिक्षक नै गरिदिन्छौं, विद्यार्थीलाई केवल दर्शक-श्रोता बनाइदिन्छौं।हामी शिक्षकले सबै काम आफै गर्नुका थुप्रै कारण हुन सक्छन्। निर्धारित समयमा कोर्स पूरा गर्नुपर्ने, साधनस्रोतको अभाव, तयारीको लागि समय अभाव, विद्यार्थीहरू परिपक्व छैनन् भन्ने भावना जस्ता कारणहरू हुन सक्छन्।

हामी शिक्षकलाई विद्यार्थीसँग छलफल गर्ने, उनीहरूलाई खोज र प्रस्तुति गर्न लगाउने, सूचना विश्लेषण गराउने, प्रयोगको अवसर दिने काममा समयको अभाव हुन सक्छ। यसरी समय व्यवस्थापन गर्ने सीप नहुन पनि सक्छ। जुन कारणले भए पनि विद्यार्थीहरूले आफ्नो सक्रिय सहभागितामा सिक्ने अवसर गुमाइरहेको हुन्छ।

यहाँनिर हामी शिक्षकको एउटा जबर्जस्त बुझाइ हुने गरेको छ - विद्यार्थीहरू सक्दैनन्, यिनीहरू कच्चा छन्, मैले नै नगरिदिई हुँदैन।मलाई आफैलाई सोध्न मन लाग्छ - हामी शिक्षक मात्र सबै थोक जान्ने र जिम्मेवार कसरी भयौं?वास्तवमा हामी शिक्षक सबै थोक जान्ने र जिम्मेवार भएका होइनौं। हामीले विद्यार्थी अवसर दिने तरिका थाहा नपाएका हौं, यससम्बन्धी ज्ञानको अभाव भएको हो। अन्य परिस्थितिजन्य कारणले शिक्षकले नै सबै थोक गरिदिनुपर्ने भएको पनि हुन सक्छ।

कारण जे भए पनि विद्यार्थीको सिकाइ कमजोर भएको हुन्छ। यस्तै सिकाइ प्रक्रियाबाट हामी वार्षिक परीक्षामा उत्कृष्ट परिणाम खोज्छौं।नेपालको विद्यालय शिक्षामा यस्तै चलेको छ। यस्तै सिकाइ प्रक्रियाको परिणाम हो २०८० सालको को एसइई नतिजामा आधाभन्दा बढी अनुत्तीर्ण हुनु। अब २०८१ को नतिजा पनि खास फरक हुने छैन। हामी सबैलाई परीक्षाको परिणाममा चिन्ता छ। सुधार्नुपर्छ भनेर लागेका छौं तर सुधार्ने तरिका थाहा छैन। सुधार गर्नुपर्ने परीक्षाको नतिजा हो कि सिकाइ प्रक्रिया?

सिकाइ प्रक्रियामा सुधार हुँदा विद्यार्थी ठीक ढंगले सिक्छ अनि स्वतः नतिजामा पनि सुधार हुन्छ। आजको आवश्यकता सिकाइ प्रक्रियामा सुधार हो। आज हामीले प्रयोग गर्दै गरेको शिक्षण विधि हाम्रा शिक्षकहरूको हो। हाम्रा शिक्षकका शिक्षकको विधि पनि त्यही थियो। हामीले परिमार्जन र सुधार गर्न सकेकै छैनौं।

आधुनिक प्रविधिका हामी शिक्षकले पनि सिकाइमा विद्यार्थीको सहभागिता बढाउन सकेका छैनौं। सिकाइमा विद्यार्थी सहभागिताको अवसर सिर्जना गर्न सकेका छैनौं। यस्तो अवसर सिर्जनाका लागि आजका शिक्षक र सम्बद्ध निकायहरूको ध्यान जान सकेको छैन।

विद्यार्थीको सिकाइ क्रमशः घरमा, विद्यालयमा र समाजमा हुन्छ। अहिले भर्चुअल माध्यम पनि सशक्त रूपमा आएको छ।घरमा आमाबुबा, बाजेबज्यै र अन्य सदस्यहरूले सिकाइका लागि बालबालिकाको सहभागिता बढाउनुपर्छ। स्कुलमा शिक्षकले अवसर दिनुपर्छ। समाजले र प्रकृतिले स्वतः अवसर दिएको हुन्छ।सिकाइ जहाँ पनि हुन सक्छ तर मुख्य आवश्यकता सहभागिताको हो, जति बढी सहभागिता उति बढी सिकाइ। छलफलमा, क्रियाकलापमा, अनुभवको अवसरमा र अनुभव आदानप्रदानमा, सिप प्रयोगमा र यस्तै गतिविधिहरूमा जति बढी सहभागिता हुन्छ त्यति बढी सिकाइ हुन्छ।

सिकाइ प्रक्रिया सुरू हुने पनि यसरी नै हो। अन्ततः नतिजा पनि सुधार हुन्छ। विद्यालयमा तुलनात्मक रूपमा सैद्धान्तिक सिकाइ अलिक बढी र व्यावहारिक सिकाइ अलिक कम हुन्छ। विद्यार्थीले विद्यालयमा भाषा, गणित, सञ्चार, तर्क, विश्लेषण, संश्लेषण, खोज, अनुसन्धान, समस्या समाधान, रचना जस्ता सीप सिक्छ। आफ्नो घरमा र समाजमा यसको व्यावहारिक प्रयोग गर्छ। घरमा आफ्नो कोठा सफा राख्ने, सामान व्यवस्थित गर्ने, खाने कुरा बनाउने, सानोतिनो किनमेल गर्ने, सानातिनो काम सघाउने जस्तो व्यावहारिक सिकाइ हुन्छ।समाजबाट मेलमिलाप, सहयोग आदान-प्रदान, सामूहिक काम, कामको जिम्मेवारी आदि अवसर प्राप्त हुन्छ।

विद्यालय वास्तविक संसारमा हुने, गर्नुपर्ने र आइपर्ने काममा आवश्यक ज्ञान, सीप र धारणा विकासका लागि संसारको सानो अनुकृति हो। विद्यालयले यसैअनुसार विद्यार्थीलाई दीक्षित बनाउन सकेको हुनुपर्छ। अभिभावक, शिक्षक र समाजका सदस्यले तत् तत् स्थानबाट जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्छ। सिकाइको सहभागितामूलक अवसर सिर्जना गरिदिनुपर्छ।यसो हुँदा मात्र यो आलेखको प्रारम्भमा प्रस्तुत गरिएका जस्ता अभिभावकको चिन्ता दूर हुन सक्छ।

# सानो पुँजीबाट धेरै उद्योग स्थापना गर्न प्रधानमन्त्रीको आग्रह



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले साना-साना पुँजीबाट उत्पादन वृद्धि हुने धेरै उद्योगहरु स्थापना र विस्तार गर्नुपर्ने बताउनुभएको छ।

‘स्टार्ट अप नेशन-२०३० ’ कार्यक्रमलाई बुधबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले नवीन र सिर्जनशील सोचका साथ युवा र महिलाले कामका लागि विदेश नगइ स्वदेशमै रोजगारी र आयका अवसर खोज्न सक्ने बताउनुभयो। आन्तरिक उत्पादनबाट आयात विस्थापन गर्न, गरिबी घटाउन, राष्ट्रिय आत्मविश्वास वृद्धि गर्न र दिगो विकासका लक्ष्यहरु हासिल गर्न युवा उद्यमशीलतालाई व्यापक बनाउन जोड दिनुभयो । यस्ता उद्यमलाई सम्पत्ति राखेर नभइ परियोजनाका आधारमा बैंकले ऋण दिनुपर्ने आग्रह गर्दै प्रधानमन्त्री ओलीले केही ठग तत्वहरु छिरेर समग्र सहकारीलाई बदनाम गर्न खोजे पनि सरकारले सहकारीलाई राम्रोसँग अगाडि बढाउने स्पष्ट गर्नुभयो।

“हामीले प्रविधि, सीप र पुँजीका आधारमा सिङ्गो देशलाई उत्पादनमा परिणाम देखिने गरी उद्यमशीलता वृद्धि गर्नुपर्ने छ। सरकारले लगानी गरेका कुनै पनि स्टार्ट अप असफल हुनुहुन्न । यसलाई अभियानका रूपमा लैजानुपर्छ। देशको समृद्धिका लागि सरकारले निजी क्षेत्रलाई गर्नुपर्ने सहजीकरणमा कमी गर्दैन”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “हामी सरकारमा झन्डा हल्लाउन आएका होइनौँ । यो उमेरमा मलाई फेरि प्रधानमन्त्री हुनु थिएन । केही गर्नका लागि जिम्मेवारीमा आएको हो ।”

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, उद्योगमन्त्री दामोदर भण्डारी, श्रममन्त्री शरतसिंह भण्डारी, नेपाल उद्योग वाणिज्य महाङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाललगायत सहभागी रहेको उक्त कार्यक्रम दुई दिनसम्म सञ्चालन हुने बताइएको छ ।रासस

# स्वास्थ्य मन्त्रालय र आविष्कार केन्द्रबीच सम्झौता

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र राष्ट्रिय आविष्कार केन्द्रबीच सङ्घीय सरकार मातहतका १७ अस्पतालमा रहेका उपकरणको मर्मत सम्भार र व्यवस्थापन गर्नेलगायतका विषयमा सहकार्य गर्ने सम्झौता भएको छ।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलको उपस्थितिमा मन्त्रालयमा बुधबार आयोजित कार्यक्रममा मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा मदन उपाध्याय र आविष्कार केन्द्रकातर्फबाट अध्यक्ष डा महाविर पुनबीच त्यससम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो । सो अवसरमा स्वास्थ्यमन्त्री पौडेलले राज्यमा उपलब्ध सिमित स्रोत साधनकाबीच स्वास्थ्य क्षेत्रलाई व्यवस्थित गर्न उपकरणलाई चुस्त र व्यवस्थित तुल्याउनुपर्ने भएकाले केन्द्रसँग सहकार्य गर्न लागिएको बताउनुभयो।

मन्त्री पौडेलले भन्नुभयो, “हामीले साधन स्रोत बढाएर तत्काल आवश्यकता अनुसारका उपकरण खरिद गर्नसक्ने अवस्था छैन, त्यसकारण अहिले हामीसँग भएका उपकरणलाई बढीभन्दा बढी प्रयोगमा ल्याउने सन्दर्भमा गरिएको सम्झौता महत्वपूर्ण प्रयास रहेको छ।”



अस्पतालमा प्रयोग हुन नसकेर थन्किएका उपकरणलाई प्रयोगमा ल्याउन सकिएमा नयाँ खरिद गर्न लाग्ने ठूलो खर्च जोगिने उल्लेख गर्दै मन्त्री पौडेलले थोरै खर्चमा त्यस्ता सामग्री मर्मत र व्यवस्थापन गर्ने कामको थालनी भएको बताउनुभयो । “मर्मत र अरु ढङ्गले उपयोगमा ल्याउन नसकिने सामाग्री अस्पतालमा छन्, प्रयोगमा आउने र नआउने छुट्ट्याएर सोही अनुरुप व्यवस्थापन गर्न जरुरी छ । त्यो काम गर्दा अस्पताल सफा हुने र कम खर्चमा उपकरण प्राप्त हुने भएका कारण आविष्कार केन्द्रसँग सहकार्य गर्न लागिएको हो”, उहाँले भन्नुभयो।

मुलुकको प्रसिद्ध र स्थापित संस्था तथा विश्वास आर्जन गरिरहेको नेतृत्वलाई मन्त्रालयको महत्वपूर्ण कामको जिम्मेवारी दिन पाएकामा खुशी व्यक्त गर्दै मन्त्री पौडेलले सहकार्यको संस्कारले स्वदेशी संस्था र जनशक्तिलाई राज्यले विश्वास गरेको देखिने बताउनुभयो।

सो अवसरमा केन्द्रका अध्यक्ष पुनले स्वास्थ्य क्षेत्र सुधारका सन्दर्भमा आविष्कार केन्द्रले अर्को महत्वपूर्ण जिम्मेवारी पाएको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, “यो जिम्मेवारी भनेको सङ्घीय सरकारअन्तर्गत रहेका अस्पतालमा बिरामीको स्वास्थ्य परीक्षण गर्ने बायोमेडिकल उपकरण मर्मत गर्ने तथा ती उपकरणको अवस्था के-कस्तो छ भनी एकिन गर्ने हो।” ती अस्पतालमा रहेका उपकरण के-कति प्रयोगमा आउन सक्ने र कुन अवस्थामा छन् भनी एकिन गर्ने तथा बनाउन सकिने र नसकिने पहिचान गर्ने कार्य केन्द्रले गर्नेछ। मर्मत गर्न सकिने भए बनाउने र नसकिने भए सोही अनुसारको रायसुझाव आविष्कार केन्द्रले मन्त्रालयलाई दिनेछ।

“स्वास्थ्य मन्त्रालयले आविष्कार केन्द्रलाई ठूलो जिम्मेवारी दिएको छ”, अध्यक्ष पुनले भन्नुभयो, “हामीले पाएको जिम्मेवारी नागरिकको स्वास्थ्यसँग सम्बन्धित छ। उपकरणलाई ठिक अवस्थामा राख्न सकिए धेरैको ज्यान बचाउन सकिन्छ । लाखौँ नागरिकले यसको सेवा लिनसक्छन्। त्यसैले यो सानोतिनो जिम्मेवारी होइन।”केन्द्रले क्षमताले भ्याएसम्म इमान्दारिपूर्वक कुनै छलछाम नगरीकन राष्ट्र र जनताको सेवा गर्ने प्रतिवद्धता जनाउदै अध्यक्ष पुनले नौलो र बृहत् क्षेत्र भएपनि विगतका अनुभवले काम पुरा गर्ने विश्वास व्यक्त गर्नुभयो।

सम्झौताअनुसार आविष्कार केन्द्रका प्रतिनिधि सबै अस्पतालमा गएर त्यहाँ प्रयोग नभएका र सूचीकृत भएका सामानको पहिचान गरी सोही अनुरुपको प्रतिवेदन दिनेछन् । आफै बनाउन के कति मूल्य र पार्टपूर्जा चाहिन्छ त्यसको अभिलेख तयार गरिने छ । यस्ता काम आगामी दिनमा केन्द्रमार्फत नै अगाडि बढ्ने भएकाले उपकरण व्यवस्थापनमा महत्वपूर्ण सहयोग पुग्ने मन्त्रालयले जनाएको छ । सरकारको एउटा मन्त्रालयले प्राविधिक रुपमा काम गराउन आविष्कार केन्द्रलाई विश्वास गर्न सुरु गरेको छ। रासस

# राष्ट्रियसभा अध्यक्ष दाहालसँग चिनियाँ राजदूतको शिष्टाचार भेट

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालसँग नेपालका लागि चिनियाँ राजदूत छेन सोङले शिष्टाचार भेट गर्नुभएको छ । राजदूत सोङले मंगलबार सिंहदरबारस्थित अध्यक्ष दाहालको कार्यकक्षमा शिष्टाचार भेट गर्नुभएको हो।

भेटमा द्विपक्षीय साझेदारी, आपसी सहयोग र सम्बन्धका विषयमा कुराकानी भएको उहाँको सचिवालयले जनाएको छ। सो भेटमा अध्यक्ष दाहालले नेपाल र चीनबीचको सम्बन्ध वर्षौं पुरानो भएको चर्चा गर्दै दुई देशबीचको सम्बन्ध कूटनीतिक तहमा मात्रै नभई जनस्तरमा समेत बलियो र प्रगाढ रहेको बताउनुभयो ।दुई देशबीचका राष्ट्रपतिज्यका तहबाट भ्रमण भएको र विभिन्न समयमा संसदीय टोली, राजनीतिक टोली लगायतको नियमित भ्रमण भइरहेको चर्चा गर्दै अध्यक्ष दाहालले यस्ता भ्रमणले सांस्कृतिक विविधताबारे जानकारी हुने, विकासका नयाँ आयामहरूको विस्तार हुने र पर्यटन प्रवर्द्धनमा सघाउने बताउनुभयो।

चीनले नेपालको हितका लागि आर्थिक, सामाजिक क्षेत्रमा गरेको सहयोग अतुलनीय रहेको चर्चा गर्दै अध्यक्ष दाहालले आगामी दिनमा पनि सहयोग निरन्तर भइरहने विश्वास व्यक्त गर्नुभयो। बिआरआइलगायत दुई देशबीच विभिन्न समयमा भएका समझदारी र सहमति प्राथमिकताका साथ कार्यान्वयन हुनेमा आफ्नो गहिरो विश्वास रहेको भन्दै अध्यक्ष दाहालले यसले दुई देशको सम्बन्ध थप मजबुत र बलियो हुने बताउनुभयो।

नेपालको पर्यटन प्रवर्द्धनमा चिनियाँ पर्यटकहरूको ठूलो भूमिका रहेको चर्चा गर्दै अध्यक्ष दाहालले पोखरा र लुम्बिनी अन्तर ाष्ट्रिय विमानस्थलमा चीनबाट नियमित उडान सञ्चालन गर्न सके नेपालको पर्यटन उद्योगको वृद्धि हुनेमा विश्वास व्यक्त गर्नुभयो ।जलवायु परिवर्तनबाट हिमाली देशहरू निकै प्रभावित भएको भन्दै अध्यक्ष दाहालले हिमाल र प्रकृति बचाउन पनि हिमाली देशहरूबीच सहकार्य, सहयोग र साझा समझदारी जरुरी रहेको बताउनुभयो । नेपालको शान्ति प्रक्रिया टुङ्गोमा पुर्याउन विश्व समूदायको महत्त्वपूर्ण सहयोग रहेको र त्यसमा चीनको विशिष्ट भूमिका रहेको भन्दै अध्यक्ष दाहालले धन्यवाद व्यक्त गर्नुभयो ।



सो अवसरमा राजदूत सोङले राष्ट्रियसभा अध्यक्ष निर्वाचित भएकोमा बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्नुभयो। दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै पारस्पारिक लाभमैत्री सम्बन्ध कायम रहेको भन्दै राजदूत सोङले चिनियाँ राष्ट्रपति सि चिनपिङको नेपाल भ्रमणपछि दुई देशबीचको सहकार्य र सहयोगमा उल्लेख्य वृद्धि भएको र सम्बन्ध नयाँ उँचाइमा उठेको बताउनुभयो।

शान्ति प्रक्रियाको बाँकी कामको रूपमा रहेको टिआरसी विधेयक संसद्बाट पारित हुन लागेकोमा निकै खुसी लागेको भन्दै राजदूत सोङले यसले नेपालको शान्ति, स्थिरता र विकासमा नयाँ फड्को हान्ने बताउनुभयो ।नेपालमा हालै निर्माण सम्पन्न भएका पोखरा र लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थलमा चीनका विभिन्न सहरबाट सिधा उडान गर्न चीन इच्छुक रहेको भन्दै राजदूत सोङले त्यसले नेपालमा चिनियाँ पर्यटक आगमनमा उल्लेख्य वृद्धि हुने बताउनुभयो ।रासस

# भ्रष्टाचार निवारणसम्बन्धी विधेयक चाँडो टुङ्ग्याऔँ : गृहमन्त्री

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले भ्रष्टाचार निवारणसम्बन्धी ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकलाई चाँडै समितिबाट टुङ्ग्याइदिन आग्रह गर्नुभएको छ । प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको बुधबारको बैठकमा उक्त विधेयकमाथिको छलफलका क्रममा उहाँले समितिको संशोधन सरकारलाई स्वीकार्य भएको बताउनुभयो।

“समितिमा छलफलका क्रममा महत्वपूर्ण विषय पहिचान भएका छन्, अब समितिबाट जतिसक्दो छिटो पारित होस्, भ्रष्टाचारसम्बन्धी विषय निकै गम्भीर छ”, गृहमन्त्री लेखकले भन्नुभयो, “समितिमा धेरै छलफल भइसकेको छ, पहिचान भएका विषयलाई दफावार छलफलका माध्यमबाट निष्कर्षमा पुग्दा उचित हुन्छ।”

विधेयकका सम्बन्धमा समितिमा भएको छलफलबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार विस्तार गर्ने कि नगर्ने, उजुरीकर्ताको पहिचान हुनुपर्ने कि नपर्ने, हदम्यादसम्बन्धी व्यवस्था, स्वार्थ बाझिएको विषय, महत्वपूर्ण निर्णय गर्न ढिलाइ गर्ने पदाधिकारीमाथि के कारबाही हुने, अनुचित कार्यको कारबाहीको व्यवस्था लगायतका विषय पहिचान भएको उहाँको भनाइ छ।




“यी विषय दफावार छलफलका क्रममा टुङ्ग्याउनु उचित हुन्छ”, गृहमन्त्रीले भन्नुभयो, “दफावार छलफलमा प्रवेश गरेपछि दफा/दफामा सरकारले आफ्नो धारणा राख्छ ।” उहाँले छलफलका क्रममा सरकाले आफ्नो धारणा र विषय राखे पनि अन्तिम निर्णय गर्ने अधिकार समितिकै भएको स्पष्ट पार्नुभयो । “भ्रष्टाचार निवारणसम्बन्धी ऐनको अन्त्यन्त ठूलो महत्व छ, भ्रष्टाचार निकै संवेदनशील विषय पनि हो”, गृहमन्त्रीले भन्नुभयो, “चाँडै समिति र सभाबाट पारित भएर लागू गर्न सकियोस् भन्ने सरकारको अपेक्षा हो।”

**संशोधनकर्ता सांसदको एकैस्वर : भ्रष्टाचारका हकमा हदम्याद नराखौं**

राज्य व्यवस्था समितिमा छलफल भइरहेको सो विधेयकमाथि संशोधन दर्ता गराउनुभएका सांसदहरुले एकैस्वरमा भ्रष्टाचारका विषयको अनुसन्धानमा हदम्याद राख्न नहुने धारणा राख्नुभयो । सांसद अर्जुननर सिंह केसीले छानविन र यथार्थलाई झुक्याउने तथा भ्रष्टचारीलाई लुकाउने र जोगाउने गरी पाँच वर्षे हदम्याद राख्न नहुने बताउनुभयो।

“भ्रष्टाचारीलाई जोगाउन सरकार नै लागिपरेको छ भन्ने जनभावना बढिरहेको छ, यस्तो अवस्थामा भ्रष्टाचारका विषयमा छानविन र मुद्धा चलाउन पाँच वर्षे हदम्याद राख्नु लोकतन्त्रप्रतिकै चुनौती हो”, उहाँले भन्नुभयो, “चर्चित भ्रष्टाचारका काण्डको छानविन गर्न हदम्याद राख्दा भ्रष्टाचारी जोगाउने हुनसक्छ, यसले विद्रोह जन्माउँछ, मुद्धा चलाउने कुनै सीमा हुनुहुँदैन, हदम्याद कुनै पनि हालतमा स्वीकार्य हुँदैन।”

सांसद रोशन कार्कीले भ्रष्टाचार निवारणका लागि राजनीतिक प्रतिबद्धता र कार्यान्वयन आवश्यक रहेको दाबी गर्दै भ्रष्टाचारका विषयको छानविन गर्न हदम्याद राख्न नहुनेमा जोड दिनुभयो । “हदम्याद किन र केका लागि राख्ने रु”, उहाँले प्रश्न गर्नुभयो, “यही हालतमा पारित गर्ने हो भने यो ऐनले भ्रष्टाचार निवारण गर्ने नभइ प्रोत्साहित गर्छ ।रासस



## प्रभु बैंक लिमिटेड शाखा कार्यालय बर्दिवास, महोत्तरीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/०५/०६ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंक सँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत सो को पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता/फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय बर्दिवास, महोत्तरीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय बर्दिवास, महोत्तरीमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको विवरण :**

| | |
|---|---|
| **ऋणी :** प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरीमा प्राईभेट रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०६८/०९/२६ मा दर्ता भई प्रा.फ.र.नं. १४५१/१६४/०६८-०६९ कायम भई, नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, जनकपुर धनुषाबाट मिति २०६८/११/०२ (मु.अ.क. दर्ता मिति २०६९/१२/२७) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०५३६१२४२ को प्रमाणपत्र प्राप्त छप्पन साहको प्रोप्राइटरसिपमा रहेको **मां जननी किराना पसल ।** **फर्मको ठेगाना :** महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १ (साविक बर्दिवास गा.वि.स. वडा नं. ५)। | **प्रोप्राईटर तथा जमानतकर्ता : छप्पन साह** (ना.प्र.नः १८३०७४/१७८, जारी मिति २०६३/११/०६ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी). ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५)। बाबु : राम तपस्या साह । बाजे : शंकर साह । |
| **जमानतकर्ता : बचुन साह** (ना.प्र.नः १८३०७४/१७६ जारी मिति २०६३/११/०६ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी )। ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५)। बाबु : राम तपस्या साह । बाजे : शंकर साह । | **जमानतकर्ता : सुरज कुमारी** (ना.प्र.नं. ०४९२३४४२ जारी मितिः २०५१/१२/०९ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी)। ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५)। बाबु : राम जिवन साह कानु । पति : मिस्री साह । ससुरा : राम तपस्या साह । |
| **जमानतकर्ता : उर्मिला देवी** (ना.प्र.नं. १८३०७४/३६ जारी मितिः २०६३/११/१४ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी)। ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५)। बाबु : चुमन साह । पति : छप्पन साह । ससुरा : राम तपस्या साह । | **जमानतकर्ता : मंदीरा साह** (ना.प्र.नः १८३०७४/११८८ जारी मिति २०६३/११/१४ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) . ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५)। बाबु : योगेन्द्र साह कानु । पति : बचुन साह । ससुरा : राम तपस्या साह । |
| **जमानतकर्ता : साहेव साह** (ना.प्र.न. १८३०७४/१७७ जारी मिति २०६३/११/०६ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी )। ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५)। बाबु : राम तपस्या साह । बाजे : शंकर साह । | **जमानतकर्ता : अनिता कुमारी** (ना.प्र.नं. १६०३३४२१८ जारी मितिः २०६२/०९/०६ जारी गर्ने कार्यालय जि.प्र.का. पर्सा)। साविक ठेगाना : पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. १० (साबिक बिरगंज न.पा. वडा नं. १३)। हालको ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ । बाबु : बुधन साह कानु । पति : साहेव साह । ससुरा : राम तपस्या साह । |
| **जमानतकर्ता : ओम प्रकाश साह** (ना.प्र.नः १८३०७४/१७९ जारी मिति २०६३/११/०६ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी )। ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५)। बाबु : राम तपस्या साह । बाजे : शंकर साह । | **जमानतकर्ता : सविता कुमारी** (ना.प्र.नं. १८-०५-७६-०००७१ जारी मितिः २०७६/०१/०९ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी)। ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ । बाबु : राम नारायण साह कानु । पति : ओम प्रकाश साह । ससुरा : राम तपस्या साह । |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. **प्रोप्राईटर तथा जमानतकर्ता छप्पन साहको** नाममा मालपोत कार्यालय बर्दिवासमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला २५ नं. बहादुरगंज गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ स्थित कित्ता नं. क्रमशः १११२, १११८, ८९९ र २८५९ को क्षेत्रफल क्रमशः ०-०-३.५-०, ०-०-६-०, ०-१-०-० र ०-०-७-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......................१

२. **जमानतकर्ता सुरज कुमारीको** नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला २५ नं. बहादुरगंज गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ स्थित कित्ता नं. क्रमशः ५७६ र ५७९ को क्षेत्रफल क्रमशः ०-०-१६-० र ०-०-४-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......................१

३. **जमानतकर्ता बचुन साहको** नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला २५ नं. बहादुरगंज गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ स्थित कित्ता नं. क्रमसः १११३, १११४ र १११९ क्षेत्रफल क्रमशः ०-०-३.५-०, ०-०-२-० र ०-०-४-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......................१

४. ऋणी **मां जननी किराना पसल**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण. ..........................................................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बर्दिवास, महोत्तरी**बाट समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बर्दिवास महोत्तरीमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

# भारतमा बलात्कारपछि मारिएकी प्रशिक्षार्थी चिकित्सकबारे नभनिएको कथा

**बीबीसी**

काठमाण्डु । "बैसट्ठी वर्षको उमेरमा आइपुग्दा मेरा सबै सपना चकनाचुर भएका छन्। हामी अपराधीलाई कडाभन्दा कडा कारबाही होस् भन्ने चाहन्छौं।"हामी भारतमा बलात्कारपछि मारिएकी ३१ वर्षीया चिकित्सकका पितासँगै उनैको घरमा छौं। उक्त घटनाले अहिले सिङ्गो भारत स्तब्ध छ।

राम्रा छरछिमेकको बीचमा एउटा सामान्य सेतो घर छ। उनकी छोरीको विभत्स हत्यापछि यो घरले अहिले सारा सञ्चारमाध्यमको ध्यान खिचेको छ। भारतीय कानुनका अनुसार पीडित र परिवारजनको परिचय खुलाउन नमिल्ने भएकाले यस सामग्रीबाट परिवारका उच्च रक्तचापको समस्या छ र समयमै औषधि लिनु महत्त्वपूर्ण हुन्छ।"उनी जहिल्यै 'मैले औषधि खान बिर्सिन्छु' कि भनेर खाए नखाएको निधो गर्थिन्," बीबीसीसँगको कुराकानीमा उनका पिताले स्मरण गरे। "एकपटक मेरो औषधि सकिँदा 'भोलिपल्ट किनौंला' भनेर बसेको थिएँ। उनले थाहा पाइहालिन्। रातको १०-११ बजिसकेको थियो। खाना खाने बेला भइसकेको थियो। उनी के भन्छिन्- बापी (बुवालाई मायाले बोलाउने नाम), औषधि नल्याइँदासम्म यो घरमा कसैले पनि खाना खाँदैन।"

"उनी त्यस्ती थिइन्। उनले कहिल्यै केही कुरामा चिन्ता लिनुपर्ने बनाइनन्।" अहिलेको यो घटनाले सन् २०२२ को अर्को मामिलाको स्मरण गराएको छ। वातावरणका निम्ति कडा उपायहरू अपनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। चिकित्सा शिक्षालाई नियमन गर्दै आएको भारतको सरकारी नियामक राष्ट्रिय चिकित्सा आयोगले पनि सबै मेडिकल कलेज तथा संस्थाहरूलाई सुरक्षित कार्यस्थलको प्रत्याभूति गराउन परिपत्र गरेको छ। हामीले कोलकाताबाट केही किलोमिटरको दूरीमा एउटा साँघुरो गल्लीमा पीडितका परिवारजनलाई भेट्यौं। त्यसको एकापट्टि प्रहरीले अवरोध राखेको थियो। त्यहाँ उभ्याइएका बहुसङ्ख्यक न्यूज च्यानलका दर्जनौं क्यामेराहरूले हरेक क्षणहरूलाई कैद गरिराखेका थिए।अर्को छेउमा १०-१५ जना प्रहरी अधिकारीको एउटा समूह सुरक्षार्थ खटिएका थिए। उनीहरूको सेतो बर्दी




सबैजनाको नाम र थर हटाइएको छ।"हाम्रो राज्य र देशमात्र होइन, सारा संसारले न्याय मागिरहेको छ," उनी भन्छन्।पीडितकी आमा पतिको छेउमा चुपचाप बसिरहेकी छन्। उनी स्तब्ध देखिन्छिन्।

ती कनिष्ठ चिकित्सक घटनाका दिन कोलकातास्थित आरजी कर मेडिकल कलेजमा रात्रिकालीन ड्यूटीमा थिइन्। अगस्ट ९ को रात भवनको सभाहलमा आराम गरिहेका बेला उनको बलात्कार तथा हत्या भयो।घटनाको केही समयअघि राति ११ बजेतिर आमासँग उनको कुरा भएको थियो। आमाले हँसिलोसँग छोरीले फोनमा भनेका अन्तिम शब्द सम्झिइन्, "बाबाले समयमै औषधि खाए-नखाएको निधो गर्नू। मेरो चिन्ता नलिनू!"

"त्यही नै हाम्रो अन्तिम कुराकानी थियो। भोलिपल्ट त उसको फोनमा घण्टीमात्रै गइराख्यो।" मृतकका बुवालाई त्यस बेला राजधानी दिल्लीमा एक २२ वर्षीया फिजिओथेरपीकी प्रशिक्षार्थीलाई सामूहिक बलात्कारपछि गुडिरहेको बसबाट फ्याँकिएको थियो।उनका शरीरका चोट पनि घातक थिए।उक्त घटनापछि यौनजन्य हिंसाविरुद्धको कानुनलाई कडा बनाइयो। तर त्यस्ता मामिलाको उजुरी बढ्दै गएको छ र भारतका महिलाहरूलाई न्यायमा पहुँच पाउन अझै चुनौतीपूर्ण देखिन्छ।

कोलकाताको यो पछिल्लो बलात्कार र हत्याको घटनाले पुनः एकपटक स्वास्थ्यकर्मीहरूले सामना गरिरहेको सुरक्षा चुनौतीबारे ध्यानाकर्षण गराएको छ। उनीहरूले कार्यस्थलसम्बन्धी सुरक्षा र त्यसमा पनि खास गरी महिलाहरूको सुरक्षाका निम्ति गहन तथा निष्पक्ष जाँच तथा सङ्घीय कानुनको माग गरेका छन्। भारतका सङ्घीय स्वास्थ्यमन्त्री जेपी नड्डाले चिकित्सकहरूसँग सुरक्षित व्यावसायिक घाममा चम्किइरहेको थियो।

उनीहरूको एउटै उद्देश्य भने ती क्यामेराहरूले ब्यारिकेडपारिका पीडितको पारिवारिक घरका दृष्यहरूलाई खिच्न नसकून् भन्ने सुनिश्चित गर्नु थियो।नौ अगस्टको रात ती पीडित कनिष्ठ चिकित्सक ३६ घण्टा लामो कठिन रात्रिकालीन ड्यूटीमा थिइन् र सभाकक्षमा आराम गर्न गएकी थिइन्। भोलिपल्ट बिहान आंशिक नग्न स्थितमा उनको शव भेटियो।उक्त भयावह आपराधिक घटनाले कोलकातामा मात्र नभई देशका धेरै सहरहरूमा समेत आक्रोश फैलिएको छ र न्याय माग्दै प्रदर्शनहरू गरिएका छन्।

देशका लाखौं महिलाहरूको सुरक्षाको माग गर्दै कोलकातामा 'रिक्लेम द नाइट' मार्चको आयोजना गरियो।अस्पताल सुरक्षित हुनुपर्ने बताउँदै पीडितका पिताले भने, "अस्पतालको ड्यूटीमै भएका बेला उनीमाथि त्यस्तो बर्बर घटना भयो।" उनको निधनले परिवारमा ठूलो रिक्तता छाएको छ।उनका पिता उनी सधैं कसरी अरूलाई पहिलो स्थानमा राख्थिन् भन्ने स्मरण गर्छन्, "उनको विवाह लगभग निश्चित भइसकेको थियो। तर उनी भन्थिन्- बापी, त्यत्रो पैसा कहाँबाट ल्याउनुहुन्छ? चिन्ता नलिनू। म मिलाउँला।"

उनी बोल्दै गर्दा उनकी पत्नीले सुँक्कसुँक्क गरेको आवाज प्रतिध्वनित भइरहेको थियो। उनीहरूको बैठक कक्ष आजीवन लुगा सिलाउने काम गरेका उनका पिताका उपकरणहरूले अव्यवस्थित थियो। एउटा सिलाई मशीन थियो, धागोका डल्लाहरू थिए, एउटा ठूलो आइरन थियो भने कपडाका टुक्राहरू भुइँभरि छरिएका थिए। बैठक कक्षछेउको भऱ्याङ भएर परिवार बसोबास गर्ने भवन पुग्न सकिन्थ्यो, जहाँ उनको शयनकक्ष छ। एघार दिनदेखि त्यस कोठाको ढोका बन्द छ। अगस्ट १० यता मातापिताले छोरीको कोठामा पाइलासम्म पनि हालेका छैनन्।

"उनी सानो छँदा हामीले आर्थिक हिसाबले निकै सङ्घर्ष गऱ्यौं," उनका पिताले स्मरण गरे, "उनी त्यस्तै पाँच वर्षजतिकी थिइन् होला। उनलाई फलफूल मन पर्थ्यो, खासगरी अनार एकदम मन पराउँथिन्। एक पटक बाहिर जाँदा उनले केही देखिन् र सोधिन्- 'बापी, तपाईं पूजाका निम्ति अनार किन्नुहुन्न?' उसले आफ्नो निम्ति कहिल्यै केही माग्नै सकिनँ" उक्त प्रसङ्ग पूरा नहुँदै उनी भक्कानिएर रुन थाले।"दह्रो बन्नुस्," छेवैमा उभिइरहेका एक आफन्तले बिस्तारै ढाडस दिए। दह्रो हुने भन्ने कुरा उनलाई भारजस्तो भएको छ।

ती छोरी यो दम्पतीका एक मात्र सन्तान थिइन्। सानैबाट सिक्नमा उत्साहित उनी शिक्षकहरूकी पनि प्रिय थिइन्।"जब उनी सानी थिइन्," पिता स्मरण गर्छन्, "शिक्षकहरूले उनलाई बोकेरै स्कूल पुऱ्याउँथे।" "हामी तल्लो वर्गबाट आएका हौं र जे गऱ्यौं, आफ्नै बलबुतामा गरेका हौं," उनले भने।"मान्छेहरू 'तिमीहरू छोरीलाई डाक्टर बनाउन सक्दैनौ' भन्थे। तर उनले सबैलाई गलत साबित गरिन् र सरकारी मेडिकल कलेजमा भर्ना हुन सफल भइन्।"

उनकी आमा छोरीको स्मरण गर्दै चुपचाप भएर पतिका कुरा सुनिराखिन्। उनका हात बारम्बार रातो र सेतो चुराको बीचमा रहेको सुनको चुरालाई छुन पुग्थे, जुन उनले छोरीसँगै गएर किनेकी थिइन्। उनले आफ्नी छोरीले प्रत्येक रात सुत्नुअघि कसरी डायरी लेख्थिन् भन्ने स्मरण गरिन्। "उनले मेडिकल कलेजमा स्वर्णपदक हासिल गर्न चाहेको लेखेकी थिइन्। उनी आफ्नो जीवन राम्रो बनाउन चाहन्थिन् र हाम्रो पनि राम्रो ख्याल राख्न चाहन्थिन्," उनले मलिन स्वरमा भनिन्।

## साफ च्याम्पियनसिप फुटबल : भुटानले माल्दिभ्सलाई हरायो




काठमाण्डु । राजधानीमा जारी साफ यु-२० च्याम्पियनसिप फुटबल प्रतियोगिताअन्तर्गत बुधबार भएको खेलमा भुटानले माल्दिभ्सलाई पराजित गरेको छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा भुटानले माल्दिभ्सलाई २-१ गोलअन्तरले पराजित गरेको हो। यस जीतसँगै समूह 'बी' मा रहेका भुटान र भारतले समान तीन/तीन अङ्क जोडेका छन् । पराजित माल्दिभ्स भने अङ्कविहीन छ । यसअघि भारतले पहिलो खेलमा भुटानलाई १-० गोलअन्तरले पराजित गरेको थियो । भुटानको जितमा जिग्नम दोर्जी र नोवाङ चोपेलले समान एक/एक गोल गरे । यता माल्दिभ्सको लागि भने फिरकले एक गोल फर्काए ।

खेलमा पहिलो अग्रता भुटानले लियो । खेलको २२ औं मिनेटमा भुटानका जिग्नमले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाएका थिए । त्यस्तै खेलको ५१औं मिनेटमा भुटान १० खेलाडीमा समेटिएको थियो । गोलकिपर तेञ्जिङले डिबक्स बाहिर बल छोएपछि रेफ्रीले रातो कार्ड देखाउँदै मैदान बाहिरपठाएकाथिए।सोहीसमयमा प्राप्त फ्रिकिकको सदुपयोग गर्दै माल्दिभ्सले बराबरी गोल फर्कायो । माल्दिभ्सका फिराकले डिबक्स बाहिरबाट प्रहार गरेका बलले जाली चुमेको थियो ।

त्यसपछि खेलको ८९ औं मिनेटमा भुटानले पुनः अग्रता लियो । भुटानका नोवाङले गोल गर्दै खेललाई २-१ गोलको अग्रतामा ल्याए । त्यसपछि खेलमा अर्को गोल हुन सकेन र अन्तत भुटानको जीत पक्का भयो । उक्त प्रतियोगिताअन्तर्गत विहिबार नेपाल र बङ्गलादेशबीच प्रतिस्पर्धा हुनेछ । उक्त खेल दिउँसो ३ बजेदेखि सुरुआत हुनेछ ।रासस

## लेबनानविरूद्धको इजरायली आक्रमणबाट फताह समूहका स्थानीय नेताको मृत्यु

**एएफपी**

सिदोन । लेबनानको दक्षिणी शहर सिदोनमा बुधबार इजरायली आक्रमणमा फताहका एक अधिकारीको मृत्यु भएको प्यालेस्टिनी समूहका एक वरिष्ठ सदस्य र एक सुरक्षा स्रोतले बताएका छन् ।इजरायल र लेबनानको हिजबुल्लाह आन्दोलनबीच १० महिनाभन्दा बढी समयदेखि जारी सीमापार झडपमा प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासको नेतृत्वमा रहेको फताहविरूद्ध भएको यो पहिलो आक्रमण हो ।



गाजाको प्यालेस्टिनी इस्लामी शासक हमासलाई टक्कर दिने समूहका एक वरिष्ठ सदस्य फाथी अबु अल-अरादातले भन्नुभयो, "सिदोनमा इजरायलले गरेको आक्रमणमा फतह समूहका अधिकारी खलील मकदाहको मृत्यु भएको छ ।लेबनानको एक सुरक्षा स्रोतले एएफपीलाई घटनाबारे पुष्टि गर्दै उहाँको कारमा ड्रोन आक्रमण भएपछि उहाँको मृत्यु भएको बताएको छ । घटनास्थलमा रहेका एएफपी संवाददाताका अनुसार प्यालेस्टाइनको ऐन अल-हेल्वेह र मिह-मिहको शिविर नजिकै एउटा कारलाई ठक्कर दिइएको थियो ।लेबनानको सरकारी राष्ट्रिय समाचार एजेन्सीका अनुसार मकदाहको कारमा भएको ड्रोन आक्रमणमा मृत्यु भएको हो ।

फताहको सशस्त्र शाखा अल अक्सा शहीद ब्रिगेडको लेबनानी शाखाका प्रमुख मौनीर मकदाहले सञ्चारमाध्यम अल मायादीनसँग ' आफ्ना भाइ' खलीलको हत्या भएको बताउनुभएको छ । खलील अल-अक्सा शहीद ब्रिगेडका कमान्डर रहेको मकदाहले बताउनुभयो । प्यालेस्टिनी लडाकू समूहले गत अक्टोबर ७ मा इजरायलमाथि गरेको आक्रमणपछि गाजा युद्ध चर्किएपनि हिजबुल्लाह र उसका सहयोगीहरूले आफ्नो सहयोगी हमासको समर्थनमा इजरायलविरूद्ध नियमित आक्रमण गर्दै आएका छन् ।

तर फताहले लेबनानबाट इजरायलमाथि कुनै पनि आक्रमणको घोषणा गरेको छैन न त लेबनानमा इजरायली आक्रमणमा मारिएका सदस्यहरूप्रति शोक व्यक्त गरेको छ ।सन् २००६ को चुनावमा हमासको शानदार विजयपछि भएको घातक भिडन्तपछि हमासका लडाकुहरूले गाजा पट्टीबाट फताहलाई बाहिर निकालेपछि हमास र फताह कटु प्रतिद्वन्द्वी बनेका छन् ।फताहले प्यालेस्टिनी प्राधिकरणको नेतृत्व गर्छ, जसको इजरायलको कब्जामा रहेको वेस्ट बैंकमा आंशिक प्रशासनिक नियन्त्रण छ ।

## भारत बन्दका कारण सामान्य जनजीवन प्रभावित

**एएनआई**

नयाँदिल्ली । अनुसूचित जाति र जनजातिका लागि आरक्षणसम्बन्धी सर्वोच्च अदालतको निर्णयको विरोधमा दलित र आदिवासी सङ्गठनहरूले बुधबार आह्वान गरेको भारत बन्दको प्रभाव देशका धेरै राज्यमा परेको छ। अनुसूचित जाति र जनजातिका लागि आरक्षणमा 'क्रिमी लेयर' लागू गर्ने सर्वोच्च अदालतको निर्णयको विरोधमा दलित र आदिवासी सङ्गठनहरूले अगस्ट २१ मा भारत बन्दको आह्वान गरेका हुन् ।



यो बन्दको असर धेरै राज्यमा देखिन थालेको छ। बिहार र झारखण्डका धेरै सेवा प्रभावित भएका छन् । झारखण्डमा बस सेवा नराम्ररी प्रभावित भएको छ। बसहरू पार्किङस्थलबाट बाहिर निस्कन सकेका छैनन् ।बिहारको जहानाबादमा बन्दसमर्थकहरूले सडकमा नाराबाजी गरिरहेका छन् । आरामा बन्द समर्थकले रेलवे लाइनमा बसेर विरोध प्रदर्शन गरिरहेका छन् । राजस्थानका धेरै शहरहरूमा पसलहरू बन्द छन् । बन्दको प्रभाव धेरै राज्यहरूमा देखिएको छ ।

प्रदर्शनकारीले दरभङ्गामा बिहार सम्पर्क एक्सप्रेस रोकेका छन् । यद्यपि, उत्तर प्रदेशमा बन्दको खासै प्रभाव परेको छैन । दलित सङ्गठनको आन्दोलनमा कतिपय राजनीतिक दलहरूले पनि समर्थन जनाएका छन् ।बहुजन समाज पार्टी (बसपा) की प्रमुख मायावतीले सर्वोच्च अदालतको फैसलामा संविधान संशोधन गर्न सरकारसँग माग गर्दै शान्तिपूर्ण रूपमा हुने भारत बन्दको कार्यक्रममा आफ्नो समर्थन रहेको बताउनुभएको छ । मायावतीका भतिजा आकाश आनन्दले भारत बन्दको समयमा बसपा कार्यकर्ताहरूलाई पार्टीको झण्डासहित शान्तिपूर्ण रूपमा भाग लिन आग्रह गर्नुभएको छ ।

यसैबीच, बिहारमा राष्ट्रिय जनता दल (आरजेडी) ले समर्थन जनाएको छ भने केन्द्रीय मन्त्री जीतनराम माँझीले यसलाई 'विपक्षीको भारत बन्द' भन्नुभएको छ । बन्दलाई मध्यनजर गर्दै प्रशासनले राजस्थानका धेरै जिल्लामा सुरक्षा व्यवस्था कडा बनाएको छ । प्रदेशका धेरै जिल्लामा शैक्षिक संस्था बन्द गर्न आदेश जारी गरिएको छ ।उत्तर प्रदेशको राजधानी लखनउमा निषेधाज्ञा जारी गरिएको छ र लकडाउनको समयमा कुनै पनि हिंसात्मक गतिविधि नगर्न प्रशासनलाई निर्देशन दिइएको छ ।

मध्य प्रदेशको प्रशासनले भारत बन्दको समयमा विशेष सावधानी अपनाउन निर्देशन दिएको छ ।यसअघि सन् २०१८ अप्रिल २ मा दलित सङ्गठनले आह्वान गरेको भारत बन्दका क्रममा धेरै स्थानमा हिंसा भएको थियो भने मध्यप्रदेशमा छ जनाको मृत्यु भएको थियो ।उत्तर प्रदेश, बिहार, राजस्थान र मध्य प्रदेशमा भारत बन्दका लागि प्रशासनले बन्दलाई कुनै आक्रामक हस्तक्षेप नगर्ने तर सम्भावित हिंसालाई मध्यनजर गरी सुरक्षा व्यवस्थालाई कडा पारेको छ ।

## भारतीय प्रधानमन्त्री मोदी पोल्याण्डमा



**एएफपी**

वार्सा । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी ऐतिहासिक भ्रमणका क्रममा बुधबार पोल्यान्ड पुग्नुभएको छ ।

रुस-युक्रेन युद्धको 'शान्तिपूर्ण समाधान' का लागि अभियान सुरु गर्न यसै साताको अन्त्यमा युक्रेनको भ्रमण गर्नुअघि उहाँ पोल्यान्ड पुग्नुभएको हो । युक्रेनको भ्रमण गर्ने मोदी पहिलो भारतीय प्रधानमन्त्री हुनुहुनेछ । साथै उहाँ ४५ वर्षमा पोल्यान्डको भ्रमण गर्ने पनि पहिलो भारतीय प्रधानमन्त्री हुनुहुनेछ । पोल्यान्ड युक्रेनको कट्टर सहयोगी तथा छिमेकी देश हो र किएभ जाने विदेशी नेताहरूका लागि पोल्यान्ड महत्त्वपूर्ण 'ट्रान्जिट' पनि हो ।

मोदीले बिहीबार पोलिश प्रधानमन्त्री डोनाल्ड टस्क र राष्ट्रपति आन्द्रेज डुडाका साथै यस मुलुकमा रहेका भारतीय नागरिकहरूसँग भेट्ने अपेक्षा गरिएको छ । उहाँको भ्रमणअघि पोल्यान्डका उपप्रधानमन्त्री व्लादिस्लाव कोसिनियाक-कामिजले पत्रकारहरूसँग भन्नुभयो, "पोल्यान्डलाई भारतसँग दिगो साझेदारीको आवश्यकता छ ।"मोदीले रुससँग भारतको ऐतिहासिक रूपमा न्यानो सम्बन्ध कायम राख्नुका साथै क्षेत्रीय प्रतिद्वन्द्वी चीन विरुद्ध पश्चिमी मुलुकहरूसँग घनिष्ठ सुरक्षा साझेदारी गरेर नाजुक सन्तुलन बनाउनुभएको छ ।

उहाँको सरकार युक्रेनमा रुसको सन् २०२२ को आक्रमणको स्पष्ट निन्दा गर्न पन्छिएको छ । यसको सट्टा उसले दुवै पक्षसँग वार्तामार्फत आफ्ना मतभेदहरू समाधान गर्न आग्रह गरेको छ ।पोल्यान्ड प्रस्थान गर्नुअघि बुधबार प्रकाशित विज्ञप्तिमा मोदीले भन्नुभयो, "एक मित्र र साझेदारका रूपमा हामी यस क्षेत्रमा चाँडै शान्ति र स्थिरता फर्किने आशा गर्दछौं ।"

किएभमा प्रधानमन्त्री मोदीले राष्ट्रपति भोलोदिमर जेलेन्स्कीसँग छलफल गर्नुहुने र 'युक्रेनमा जारी द्वन्द्वको शान्तिपूर्ण समाधानमा दृष्टिकोण साझा गर्नुहुने' विज्ञप्तिमा उल्लेख छ । सोमबार जेलेन्स्कले मोदीको भ्रमणका क्रममा 'धेरै दस्तावेजमा हस्ताक्षर हुने अपेक्षा गरिएको' बताउनुभयो । जुलाईमा रुसले युक्रेनका धेरै सहरमा आक्रमण गरेको केही घन्टापछि मोदीले मस्कोको भ्रमण गर्नुभएको थियो र आफ्नो निवासमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग अङ्कमाल गर्दै फोटो खिच्नुभएको थियो । जेलेन्स्कीले यसको निन्दा गर्नुभएको थियो ।

## इजरायलबाट अपहरित जापानी बन्धकको पिडा

**एएफपी**

टोकियो । अक्टोबर ७ मा हमासले बन्धक बनाएको २५१ जना मध्येकी एक इजरायली युवतीले बुधबार आफू कैदमा रहँदा हरेक रात आफ्नो अन्तिम रात हुन सक्ने सोच्दै सुत्ने गरेको बताएकी छन् । "हरेक रात म सुत्न खोज्दा यो मेरो जीवनको अन्तिम रात हुन सक्ने सोच्दै निदाउँथे ", नोआ अर्गामानीले जापानमा आफ्नो बुबासँग भेट्दा भन्नुभयो ।

"मेरो उद्धार नहुँदासम्म मलाई म बाच्छु भन्ने विश्वास थिएन", २६ वर्षीया अर्गामानीले टोकियोमा जी-७ राष्ट्रका वरिष्ठ कूटनीतिज्ञसँगको भेटमा बताउनुभयो । "म तपाईंसँग यहाँ बसिरहेको छु, यो एउटा चमत्कार हो ।"अर्गामानी इस्लामवादीहरूको अक्टोबर ७ को आक्रमणको समयमा नोभा सङ्गीत महोत्सवबाट हमासद्वारा अपहरण गरिएका मध्ये एक हुनुहुन्थ्यो । त्यस समयमा उहाँले मोटरसाइकलको पछाडिबाट 'मलाई नमार्नुहोस !' भनेर चिच्याइरहेको भिडियो भाइरल भएको थियो ।

भिडियोमा उहाँका प्रेमी इन्जिनियर अविनातन ओरलाई छुट्टै लगिएको देखाइएको छ । इजरायली विशेष फौजले जुन ८ मा गाजाको नुसिरात शरणार्थी शिविरमा छापा मार्दा अर्गामानीसहित अन्य तीन जना २२ वर्षीया अल्मोग मीर जान, २७ वर्षीयस आन्द्रे कोज्लोभ र ४१ वर्षीया श्लोमी जिवको उद्धार गरेका थिए । इजरायली सेनाले मङ्गलबार दक्षिणी गाजाको सुरुङ्गबाट छ जना बन्धकहरूको शव फेला परेको बताएको छ ।

त्यस दिन बन्धक बनाइएका २५१ जनामध्ये १०५ जना अझै पनि गाजापट्टीभित्र बन्धक बनाइएका छन् । उनीहरूमध्ये ३४ जनाको मृत्यु भएको सेनाले जानकारी गराएको छ ।"मेरा प्रेमी अविनातन अझै पनि बन्धक हुनुहुन्छ । धेरै ढिला नगरी उनीहरूको उद्धार गर्न आवश्यक छ । हामीले पहिले नै धेरै मानिस गुमाइसकेका छौं, अझै गुमाउन चाहँदैनौं," अर्गामानीले भन्नुभयो ।

# कैलालीका ३३ उद्योगलाई अनुदान



गोदावरी । 'एक निर्वाचन क्षेत्र एक उद्योग प्रवर्द्धन सहयोग कार्यक्रम'अन्तर्गत यहाँका ३३ उद्योगलाई अनुदान प्रदान गरिएको छ । घरेलु तथा साना उद्योग कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा जिल्लाका १० निर्वाचन क्षेत्रबाट ती उद्योगलाई छनोट गरी अनुदान प्रदान गरेको हो ।

प्रदेशसभामा १० निर्वाचन क्षेत्र रहेको कैलालीमा ३३ उद्योगलाई छनोट अनुदान दिइएको घरेलु तथा साना उद्योग कार्यालयका लेखा अधिकृत टीकेन्द्रप्रसाद जोशीले बताउनुभयो । लामो समयदेखि सञ्चालनमा रहेका उद्योगको स्तरोन्नति गर्न 'एक निर्वाचन क्षेत्र एक उद्योग प्रवर्द्धन सहयोग कार्यक्रम' कार्यान्वयनमा ल्याइएको उहाँले बताउनुभयो ।

सुदूरपश्चिम प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको एक निर्वाचन क्षेत्र एक उद्योग प्रवर्द्धन सहयोग कार्यक्रमका लागि गत आवमा रु एक करोड ५० लाख बजेट विनियोजन गरिएको थियो । घरेलुमा दर्ता भएर सञ्चालनमा रहेका सबै प्रकृतिका उद्योगको स्तरोन्नतिका लागि अनुदानस्वरुप छनोट गरिएका प्रतिउद्योगलाई रु तीनदेखि पाँच लाखसम्म अनुदान उपलब्ध गराइएको लेखा अधिकृत जोशीले बताउनुभयो ।

उ द्यो ग का स्तरोन्नतिपछि अनुदानका लागि छनोट भएका उद्योगका सञ्चालकले उद्योगलाई आवश्यक पर्ने औद्योगिक उपकरणलगायत सामग्री खरिद गरेको बिल कार्यालयलाई उपलब्ध गराएपछि खरिद गरेको बिलका आधारमा रकम भुक्तानी गरिएको उक्त कार्यालयले जनाएको छ । उद्योगीको २० र प्रदेश सरकारको ८० प्रतिशत लागत साझेदारीमा अनुदान दिइएको हो ।

उक्त कार्यालयका अनुसार डेरी, फर्निचर, मौरीपालन, कृषिजन्यलगायत स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई छनोट गरी अनुदान दिइएको हो । उद्योग स्थापना भएदेखि सरकारी सहायता नलिएकालाई अनुदान दिइएको हो । सुदूरपश्चिम प्रदेशका नौवटै जिल्लामा उक्त कार्यत्तःम् घरेलु तथा साना उद्योग कार्यालयमार्फत सञ्चालन भएको भएको छ ।रासस

# 'ड्रागनफ्रुट' खेतीप्रति इलामका किसान आकर्षित



फिक्कल । पछिल्लो समय इलाममा किसानको 'ड्रागनफ्रुट' (सिउँडी) खेतीप्रति आकर्षण बढ्दै गएको छ । मनग्य आम्दानी हुने भएपछि परम्परागत खेती छाडेर उनीहरु व्यावसायिक ड्रागनफ्रुट खेती गर्न थालेका छन् ।

जिल्लाको चुलाचुली गाउँपालिका-३ पेल्टीमारीका किसान प्रवीण लिम्बूले ड्रागनफ्रुट खेतीबाट वार्षिक रु १२ लाख आम्दानी गर्नुभएको छ । एक बिघामा लगाइएका तीन हजार बिरुवाबाट उहाँले फलेका फल बेचेर रु आठ लाख र बिरुवा बिक्रीबाट रु चार लाख आम्दानी गर्नुभएको हो । "गत वर्षसम्म फल र बिरुवाबाट रु १२ लाख आम्दानी गरेको थिएँ", उहाँले भन्नुभयो, "यस वर्ष बिरुवा हलक्क बढेकाले उत्पादन अझ बढ्नेछ, जसबाट आम्दानी बढ्ने अपेक्षा गरेको छु ।"

उद्यमी लिम्बूले आफ्नै ठाउँमा बसेर गुणस्तरीय ड्रागनफ्रुटको फल र बिरुवा उत्पादन गर्दै आउनुभएको छ । तीन वर्षअघि 'भिलेज एग्रो फार्म' दर्ता गरी सुरु गर्नुभएका उहाँले मलेसियन प्रजातिको रातो ड्रागनफ्रुट रोप्नुभएको छ । उहाँले उत्पादन गर्नुभएको ड्रागनफ्रुट र बिरुवाको बजारीकरणमा समस्या छैन । व्यापारीहरु बगानमा नै आएर खरिद गरी लैजाने गरेका छन् । उहाँले उत्पादन गर्नुभएको ड्रागनफ्रुट झापाको दमकमा खपत हुने गरेको छ ।

"उत्पादन गरेको फल बिक्दैन कि भन्ने चिन्ता छैन, फल किन्न झापाका व्यापारी बगानमा नै आउँछन्", उहाँले राससस‌ँग भन्नुभयो, "बगानबाट प्रतिकलोग्राम रु दुई सयदेखि रु तीन सय सम्ममा बिक्री हुने गरेको छ ।" उहाँले उत्पादन गर्नुभएको बिरुवा भने गाउँपालिका, वडा कार्यालय, स्थानीय फार्म तथा किसानले नै खरिद गर्ने गरेका छन् । बिरुवा सरकारी मूल्यअनुसार प्रतिगोटा रु एक सयका दरले बिक्री हुने गरेको उहाँले बताउनुभयो । उहाँले सुरुमा परीक्षणका लागि केही बिरुवा रोप्नुभएको थियो । त्यसबाट राम्रो फल उत्पादन भएपछि फार्म दर्ता गरी परम्परागत खेतीलाई विस्थापन गरी व्यावसायिक रुपमा ड्रागनफ्रट खेती सुरु गर्नुभएको हो । अहिले लिम्बूको व्यावसायिक ड्रागनफ्रुट खेतीले पाँच जनाको परिवारलाई स्वरोजगार बनाएको छ । आगामी दिनमा खेती विस्तार गर्ने योजनामा रहेको बताउनुभयो ।

राम्रो आम्दानी हुने भएपछि चुलाचुली गाउँपालिका-२ का अर्का किसान माइतराज लिम्बूले पनि व्यावसायिक ड्रागनफ्रुट खेती थाल्नुभएको छ । उहाँले छ कट्ठा जमिन भाडामा लिएर चार सय बोट ड्रागनफ्रुट रोप्नुभएको छ । उहाँले लगाएका सबै बोटबाट उत्पादन हुन थालेका छन् । 'छथरे ड्रागनफ्रट कृषि फार्म' दर्ता गरी व्यावसायिक ड्रागनफ्रुट खेती सुरु गर्नुभएको हो । "मैले ड्रागनफ्रुट खेतीबाट वार्षिक रु दुई लाख ५० हजार आम्दानी गर्दै आएको छु", उहाँले भन्नुभयो, "अन्य परम्परागत खेतीको तुलनामा मेहनत कम र फाइदा पनि बढी हुनेरहेछ ।"

ड्रागनफ्रुट खेती इलामको चुलाचुलीसहित माई नगरपालिका, रोङ गाउँपालिका, माइजोगमाई गाउँपालिका र इलाम नगरपालिकाको तल्लो क्षेत्रमा खेती विस्तार हुँदै आएको छ । ड्रागनफ्रुट फलेको ३०औँ दिनमा खानयोग्य हुन्छ । टिपेर राख्दा १०-१५ दिनसम्म नबिग्रने हुन्छ । ड्रागनफ्रुट वर्षमा छ महिनासम्म निरन्तर फल्ने गर्दछ । यसमा फूल फुल्ने, कोपिला लाग्ने, फल फल्ने क्रम एकसाथ चलिरहन्छ । गर्मी समयको जेठ दोस्रो सातादेखि मङ्सिर दोस्रो सातासम्म मुख्य रुपमा फल दिने गर्दछ । ड्रागनफ्रुटको बिरुवा रोपेको १६ वर्षसम्म उत्पादन लिन सकिन्छ ।

समथर जमिनमा ड्याङ बनाएर पिलर गाडेर, पातलो हारमा मिलाएर लगाउन सकिने ड्रागनफ्रुट पूर्वी नेपालमा नौलो फल हो । यसको बोटको हाँगा कटिङ गरेर रोपिन्छ । एउटै बोटबाट पनि अरु बिरुवा वृद्धि गर्न सकिन्छ । एकपटक बिरुवा लगाएपछि समय-समयमा सामान्य गोडमेल र सिँचाइबाहेक अन्य गोडमेल गर्नु नपर्ने र रोपेको दुई वर्षदेखि लगातार लामो समयसम्म फल दिने हुनाले अन्य खेतीको तुलनामा यसको खेतीबाट राम्रो आम्दानी लिन सकिने लिम्बूले बताउनुभयो ।

ड्रागनफ्रुटका लागि उष्ण क्षेत्र उत्तम मानिन्छ । यसको खेती दक्षिण मोहडा भएको प्रशस्त घाम लाग्ने र समुद्री सतहबाट एक हजार पाँच सय मिटर उचाइसम्म भएको जमिनमा गर्न सकिन्छ । यो फल वार्षिक ५० देखि एक सय ५० सेन्टिमिटर वर्षा र २० देखि ३० डिग्री सेल्सियस तापक्रम हुने ठाउँमा खेती गर्दा धेरै लाभ लिन सकिन्छ । नेपालमा यो फललाई सिँचाइ भएको ठाउँ तराई, भित्री मधेस र मध्यपहाडी क्षेत्रमा खेती गर्न सकिने कृषिविज्ञहरु बताउँछन् ।रासस

## मकैको चनाचटपटे बेचेर आत्मनिर्भर बन्दै

घोराही । मकैबाट पनि चटपटे बनाइन्छ भन्दा आश्चर्य लाग्नसक्छ । देशका अधिकांश स्थानमा भुटेका चना, भुजा, चाउचाउलगायत खाद्यपदार्थ मिसाएर बनाइने चनाचटपटे मकैबाट पनि तयार गर्नसकिन्छ भन्ने सबैलाई थाहा छैन । तर, दाङको देउखुरी क्षेत्रमा व्यावसायिक रूपमा मकैखेती हुने भएकाले सारती अधिकारी मकै चटपटे बेच्दै आउनुभएको छ । राप्ती गाउँपालिका-३ मसुरिया निवासी अधिकारी मकैको चटपटेबाट आम्दानी पनि प्रशस्त गर्दै आउनुभएको छ ।

सुरुमा आफूले पनि भुजा, चाउचाउको चनाचटपटे बनाउने गरेको तर पछि यसमा प्रयोग हुने मेसिन र तालिम गाउँपालिकाबाट निःशुल्क पाएपछि नयाँकाम सुरु गरेको बताउनुभयो । "घरमा त्यसै बस्नुभन्दा व्यवसायमा जोडिएपछि दुई-चार पैसा आवश्यक परेका बेला अरुसँग माग्नुपर्ने बाध्यता अन्त्य भएको छ", उहाँले भन्नुभयो । चटपटे बनाउन प्रयोग गरिने मेसिन निःशुल्क पाएपछि अझ सहज भएको उहाँ बताउनुहुन्छ । मेसिन मकै उसिन्ने, अचार बनाउनेलगायत काममा प्रयोग हुने गरेको छ । अन्यको भन्दा मकैको चटपटे सबैले मन पराएर खाइदिने हुँदा व्यवसाय गर्ने हौसला पनि उहाँमा बढ्दै गएको छ । २८ वर्षीया सारती सोही वडाको खुरुरिया पुलनिर विगत चार वर्षदेखि चटपटेसँगै पानीपुरीको व्यवसाय पनि गर्दै आउनुभएको छ ।

यो व्यवसायबाट दैनिक रु एक हजारदेखि एक हजार पाँच सयसम्म आम्दानी हुने भएकाले मासिक रु २०-२५ हजार बढीको कारोबार गर्दै आएको उहाँले बताउनुभयो । "मासिक रु १०-१२ हजार बचत हुने गरेको छ", उहाँले भन्नुभयो । अघिपछिको तुलनामा शनिबार अझ अलि बढी व्यापार हुने उहाँले बताउनुभयो ।रासस

# भोजपुरको आमचोकको चौध सय रोपनीमा चियाखेती



भोजपुर । पर्यटकीय क्षेत्रको विकाससँगै स्थानीयको आयस्तर सुधार गर्ने लक्ष्यले भोजपुरको आमचोकगाउँपालिकालेचियाखेती थालेको छ । चियाखेतीको प्रशस्त सम्भवना बोकेका यहाँका खाली पाखापखेरालाई हरियाली बनाउँदै आयस्तर वृद्धिसँगै रोजगारी सृजना गर्न गाउँपालिकाले चियाखेती थालेको हो ।

गाउँपालिकाले आफ्नै लगानीमा यहाँको करिब एक हजार चार सय रोपनीमा चियाखेती गरेको छ । खाली जमिनको सदुपयोग गर्दै पर्यटीय क्षेत्रको रुपमा स्थापित गराउने सोचका साथ गाउँपालिकाले आर्थिक वर्ष २०७४/७५ देखि योजनाबद्ध रुपमा चियाखेती गरिरहेको छ । हालसम्म चियाखेतीका लागि गाउँपालिकाले रु चार करोड ५० लाख लगानी गरिसकेको गाउँपालिका अध्यक्ष अशोक राईले बताउनुभयो । उक्त पालिकाका वडा नं १ २, ३ र ६ मा खेती विस्तार थालिएको गाउँपालिका अध्यक्ष राईले बताउनुभयो । यी वडामा प्रशस्त खाली जमिन छभने यहाँको प्राकृतिक छटाले पर्यटनको राम्रो सम्भावना बोकेको अध्यक्ष राईले बताउनुभयो ।

"गाउँपालिकाले योजनाबद्ध रुपमा चियाखेती विस्तार गरिरहेको छ", अध्यक्ष राईले भन्नुभयो, "यहाँका खाली जमिनको सदुपयोग गर्दै आयस्तरमा सुधारसँगै पर्यटनको विकास गर्ने लक्ष्यले काम गरिरहेका छौँ । हालसम्म करिब एक हजार चार सय रोपनी क्षेत्रमा खेती विस्तार भइसकेको अवस्था छ ।" आमचोक गाउँपालिकाको माथिल्लो भेगमा धेरै खाली चौर रहेकोले त्यहाँ चियाखेतीको राम्रो सम्भावना भएको उहाँले बताउनुभयो । गाउँपालिकासँगै स्थानीयलाई पनि निजी खाली जमिनमा चियाखेती विस्तारमा प्रोत्साहन गर्न कार्यक्रम सञ्चालन गरिने उहाँले बताउनुभयो । "यहाँका खाली निजी जमिनमा पनि खेती विस्तारमा स्थानीयलाई उत्प्रेरित गराउन यो वर्षबाट प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्दैछौँ ।"

स्थानीयको जनसहभागिता बढाउँदै व्यवस्थित र प्रणालीगत रुपमा अघि बढाउन आमचोक चिया तथा कफी सहकारी गठन गरिएको अध्यक्ष राईले बताउनुभयो । गाउँपालिकाले यहाँका स्थानीयको आयस्तरको वर्गीकरण गरेर कमजोर आर्थिक क्षमता भएका स्थानीयलाई शेयरको व्यवस्था गरेको उहाँले बताउनुभयो । वर्गीकरणमा 'घ' वर्गमा परेका गरिब तथा विपन्न परिवारलाई गाउँपालिकाले रु नौ हजार र स्वयम व्यक्तिले रु एक हजार गरी १० हजार बराबरको शेयर वितरण गरिएको अध्यक्ष राईले बताउनुभयो । यहाँका अतिगरिब विपन्न एक हजार एक सय ६३ परिवारलाई शेयर वितरण गरिएको उहाँले बताउनुभयो ।

गाउँपलिकाले ऐन निर्माण गरेर चिया विकास संस्था सञ्चालन गर्ने उहाँले बताउनुभयो । यो संस्थाले गाउँपालिकाको मातहातमा रहेर भावी दिनमा चिया र कफीको क्षेत्रमा बृहत्तर रुपमा थप काम गर्ने उहाँले बताउनुभयो । उत्पादित चियाको प्रशोधन गर्नका लागि वडा नं २ मा चिया कारखाना स्थापना भइरहेको प्रमुख प्रशासकीय अधिकृत धनकुमार राईले बताउनुभयो । गाउँपालिकाको रु ४५ लाख र कोशी प्रदेश सरकारको रु एक करोड लागतमा निर्माण भइरहेको प्रशोधन केन्द्र निर्माणको काम अन्तिम चरणमा रहेको उहाँको भनाइ छ ।

"गाउँपालिका क्षेत्रको चियाखेतीको सम्भवनालाई मूर्तरुप दिन बृहत रुपमा चियाखेती विस्तारको काम भइरहेको छ", प्रशासकीय अधिकृत राईले भन्नुभयो, "उत्पादित चियाको प्रशोधनका लागि कारखाना निर्माणको काम अन्तिम चरणमा पुगेको छ । पछिल्लो समयमा आफ्नै नर्सरी स्थापना गरेर खेती विस्तार भइरहेको छ । यसबाट स्थानीयलाई रोजगारीसमेत प्राप्त भइरहेको अवस्था छ ।"

दीर्घकालीन सोचका साथ चिया विस्तार तथा उत्पादित चियाको बजारीकरणसँगै थप व्यवस्थापन गर्ने काम भइरहेको प्रमुख प्रशासकीय अधिकृत राईले बताउनुभयो । चिया नर्सरीमा अर्को सिजनमा रोप्नका लागि करिब पाँच लाख बिरुवा उत्पादन भइरहेको गाउँपालिकाले जनाएको छ । चियासँगै कफीखेतीको विस्तारका लागि समेत काम भइरहेको छ । कफीको नर्सरी स्थापना गरेर विस्तारको काम भइरहेको गाउँपालिकाले जनाएको छ ।रासस


## भुमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### मोठ श्रेस्ता कायम तथा नामसारी सम्बन्धी हकदाबीबारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साबिक गाविस डुमरिया परोहा वडा न. ड हाल इशनाथ नगरपालिका वडा न. ९ बस्ने महादेव महरा चमारले मेरो काकी नाता पर्ने रामधारी महरा चमारको श्रीमती संकेसियर चमाईन बैनौलियाको नाममा दर्ता कायम रहेको तपसिलको जग्गाको श्रेस्ता कायम गरि नामसारी गरि पाउँ भनि ईशनाथ नगरपालिका वडा न. ९ को च.न. १००८ मिति २०८१।०२।१३ गतेको सिफारिस साथ निवेदन माग गरेकोमा मृतकको ससुरा नातामा जर्ने धनराज महरा चमारबाट २ छोरा जेठो रामधारी महरा चमार निसन्तान अवस्था मै आफनै कालगतिले मृत्यु भईसकेको र कान्छो छोरा जदु महरा चमार र निजको श्रीमती मालापति समेतको पनि मुत्यु भइसकेकोले अब उप्रान्त मृतकको हकखाने एक मात्र भतिजो महादेव महरा चमार रहेकोमा निजको नाममा नामसारी हुन तथा श्रेस्ता कायम हुन सो को हकदाबीको लागि यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निजको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए ,असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए सप्रमाण सहित हाफु वा रित पूर्वकको वारेश मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानुन बमोजिम एकलौटी नामसारी भै जाने छ ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | डुमरिया परोहा | ५ | २२६ | ०-०-१३ | संकेसियर चमाईन बैनौलिया |
| रौतहट | डुमरिया परोहा | ५ | २२७ | ०-०-१३ | |



## भुमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### नामसारी सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक

यसमा जिल्ला रौतहट साविक जिगडवा वेलविछ्वा वडा न. ५ हाल परोहा न.पा.२ मा बस्ने शेख फेजलको नाती शेख ईद्रिशको छोरा निजामुदिनले आफनो बुवा र आमा नाता पर्ने शेख हदिश र सर्फुन सेखिनको नाममा दर्ता कायम रहेको तपसिलको जग्गाको नामसारी माग गरेकोमा निज जग्गाधनीको मोठ श्रेस्तामा शे.हदिश उल्लेख रहेको निवेदन निजामुदिनको नागरिकतामा बुवाकोनाम शेख ईद्रिश फरक फरक नाम उल्लेख रहेकोमा शे.हदिश मिति २०५७।०६।१२ र सर्फन सेखिन मिति २०७५।८।२५ गतेमा आफनै कालगतिले प्रलोक भएकोले निजामुदिनको नाममा नामसारी गरिदिनु हुन भनि परोहा नपा वडा न. २ को च.न.३० मिति २०८१।०४।१८ गतेको सिफारिसबाट शे.हदिश र शेख हदिश दुबै नाम गरेको व्यक्ति एउटै हो भनि सिफारिस भई आएको देखिएकोले नामसारी हकदाबीको लागि यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निजको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए ,असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए सप्रमाण सहित हाफु वा रित पूर्वकको वारेश मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानुन बमोजिम एकलौटी नामसारी भै जाने छ ।

| जिल्ला | गा.बि.स. | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | जिगडवा बे. | ६ | ३२६ | ०-१-१८ | शेख हदिश<br>वतन-जिगडवा बेलविछ्वा ५<br>बाबु- सेख फैज<br>बाजे- सेख ल्याकत |
| रौतहट | जिगडवा बे. | ७ | २१३ | ०-०-१० | |
| रौतहट | जिगडवा बे. | ७ | २१६ | ०-०-६-८ | |
| रौतहट | जिगडवा बे. | ७ | २१९ | ०-१-१ | |
| रौतहट | जिगडवा बे. | ७ | २२२ | ०-०-१८ | |
| रौतहट | जिगडवा बे. | ६ | ३६९ | ०-०-१९ | |
| रौतहट | राजपुर तु.. | ७ | ४६२ | ०-२-७ | |
| रौतहट | राजपुर तु. | ७ | ५१४ | ०-१-१ | |
| रौतहट | सबगढा | ३ | ७९१ | ०-०-२ | |
| रौतहट | जिगडवा बे. | १क | १०५८ | ०-१-१६-८ | नाम- सर्फुन सेखिन<br>वतन-जिगडवा वेलविछ्वा ५<br>बाबु-सेख ईशा<br>पति-शेख हदिश |
| रौतहट | राजपुर तु.. | ७ | ३१ | ०-०-१७ | |
| रौतहट | | ७ | ३२ | ०-३-१८ | |
| रौतहट | | ७ | ९२२ | ०-३-१०-८ | |
| रौतहट | जेठरहिया | ६क | ८६ | ०-२-५ | |



## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०५/०६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

**क्र.सं. शाखा कार्यालय : जनकपुर, धनुषा**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : रिद्धि रिद्धम कृषि तथा पशुपंक्षि मत्स्य पालन**
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर महोत्तरी
दर्ता नं. १०७३४/१४०/०८०/०८१, दर्ता मिति : २०८०/०६/१०, पान नं. ६२०४७३१४१, दर्ता मिति : २०८०/०६/१०
ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १, **प्रोप्राइटर : विपीन यादव**

**जमानतकर्ताको विवरण**

| १. नाम : शैल देवी | २. नाम : विपिन यादव |
|---|---|
| ना.प्र.नं. १८३०६४/९३७, जि.प्र.का. महोत्तरी | ना.प्र.नं. ०३३५२८५८, जि.प्र.का. महोत्तरी |
| जारी मिति : २०६३/१०/२५ | जारी मिति : २०५१/१२/१३ |
| पतिको नाम : विपीन यादव | बाबुको नाम : दिनकर राय यादव |
| ससुराको नाम : दिनकर राय यादव | बाजेको नाम : मैजे यादव |
| ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. २ | ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. २ |

**धितोको विवरण**

विपीन यादवको नाममा मालपोत कार्यालय जनकपुमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, अजगेवा हरिनमरी गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १४५, १४४, १६३ र ५१० को क्षेत्रफल क्रमश: ०-९-१०, ०-७-१५, ०-७-५ र ०-२-४ विगाहा, धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-२-१३ विगाहा तथा धनुषा जिल्ला, बसहिया गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. १८१७ को क्षेत्रफल ०-०-८ विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क्र.सं. शाखा कार्यालय : चपुर, रौतहट**

| ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
|---|---|
| १. **नाम : मसि आलम मंसुरी** | **नाम : गुलैसा खातुन** |
| ना.प्र.नं. ४४५, जि.प्र.का. रौतहट | ना.प्र.नं. ३२३०७१/४३७, जि.प्र.का. रौतहट |
| जारी मिति : २०६१/०५/२० | जारी मिति : २०६४/०१/०६ |
| बाबुको नाम : खलिल मिया मंसुरी | पतिको नाम : मसि आलम मंसुरी |
| बाजेको नाम : जिमदार मिया मंसुरी | ससुराको नाम : खलिल मिया मंसुरी |
| ठेगाना : रौतहट जिल्ला, सिम्राभवानीपुर गा.वि.स. वडा नं. ६ | ठेगाना : रौतहट जिल्ला, सिम्राभवानीपुर गा.वि.स. वडा नं. ६ |
| हाल : रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ८ | हाल : रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ८ |

**धितोको विवरण**

मसि आलम मंसुरीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, सिम्राभवानीपुर गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. १५५४ को क्षेत्रफल क्रमश: ०-२-१-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
चपुर, रौतहट, फोन नं. ०५५-५४०७५९
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# तीनजना अनसनकारी अस्वस्थ



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा-सिरहा जोड्ने कमला नदीमा नयाँ पुल निर्माणको माग गर्दै दोश्रो दिन पनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि सामूहिक आमरण अनसनमा बसेका तीनजनाको अस्वस्थ भएका छन् ।

सामूहिक आमरण अनसन बसेका तीनजनाको स्वास्थ्य अवस्था बिग्रिदै गएको छ। मंगलबार दिउँसो अनशनकारीमध्येका औरही गाउँपालिका- ३ का वडा अध्यक्ष जीवछ यादव, सिरहा नगरपालिका- ४ का वडा अध्यक्ष मोहम्मद समशाद आलम र सिरहा पुस्तकालयका कार्यवाहक अध्यक्ष भोगेन्द्र साह अस्वस्थ्य भएपछि चिकित्सकहरुको एक टोलीले उपचार गरेका छन् ।

उनीहरु बुधबार दिउँसो एक बजेदेखि सामूहिक आमरण अनसनमा बसेका थिए ।

सिरहा नगरपालिकाका इन्जिनियर प्रवीणकुमार यादवको अगुवाइमा सिरहा नगरपालिका र औरही गाउँपालिकाका १० जना जनप्रतिनिधि तथा स्थानीयवासी सामूहिक आमरण अनसन थालेका छन्।

बाढीले भत्काएको निर्माणाधीन पुलमा अनेकन प्राविधिक त्रुटि रहेको र सो पुलमा मुद्दा पनि चलिरहेको भन्दै मधेश प्रदेश सरकारसंग नयाँ पुल निर्माणको माग्दै सामूहिक आमरण अनसन मंगलबारदेखि थालेका छन् ।

भदौं ४ गतेदेखि जनप्रतिनिधि, कर्मचारी र सामाजिक अभियानीहरुको १० सदस्यीय टोली सामूहिक आमरण अनसनमा बसेको छ । हुलाकी सडक अन्तरगत कमला पुल निर्माण संघर्ष समितिका संयोजकसमेत रहेका सिरहा नगरपालिकाका इन्जिनियर प्रवीण कुमार यादवको नेतृत्वमा सुरु भएको अनसनमा सिरहा पुस्तकालयका कार्यवाहक अध्यक्ष भोगेन्द्र यादव, सिरहा नगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष इन्द्रजीत यादव, वडा नम्बर ४ का वडा अध्यक्ष मोहम्मद समशाद आलम, औरही गाउँपालिका वडा नम्बर ४ का वडा अध्यक्ष सुरेन्द्र कुमार यादव, स्थानीय मनिष कुमार यादव, इन्जिनियर शैलेन्द्र यादव, सिरहा नगरपालिका वडा नम्बर ८ का सदस्य इन्जिनियर रुपेश यादव र इन्जिनियर शिवशंकर यादव, औरही गाउँपालिका वडा नम्बर ३ का वडा अध्यक्ष जीवछ यादव सहभागी रहेका छन् ।

# सडक मर्मत सम्भारको माग गर्दै सडकमै धर्ना

सडक विभागले टेण्डर खोलेर ठेक्का दिएको पनि दुई वर्ष बढी भइसकेको छ । तर, ठेकेदारको लापरवाही र सरकारको वेवास्ता कारण यस्तो समस्या भएको गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीको भनाई छ ।

**टुडे समाचारदाता**

राजविराज । बाटो जीर्ण भएका कारण दैनिक जसो दुर्घटना हुन थालेपछि सप्तरीको राजविराज-छिन्नमस्ता सडक खण्डमा गाउँपालिका अध्यक्ष, पूर्वमन्त्री, वडाअध्यक्ष, सवारी चालक र सर्वसाधारण लगायत दुई घण्टा सम्म सडकमै धर्नामा बसेका छन् ।

छिन्नमस्ता गाउँपालिका ६ कोचाबखारी सडक खण्डमा बुधबार बिहान १० बजे देखी १२ बजेसम्म बीच सडकमै यसरी धर्ना दिइएको छ ।

छिन्नमस्ता गाउँपालिकाले व्यापक सहभागितामा, "छिन्नमस्ता मन्दिर सम्म जाने मूल सडकको विषयमा मेयरसँग संवाद कार्यक्रम"को आयोजना गरी दुई घण्टा बीच सडकमै धर्ना दिनुका साथै बहस चलाएका छन् ।




धर्नामा गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, पूर्वमन्त्री उमेशकुमार यादव, वडाअध्यक्ष, सवारीचालकका साथै ठूलो संख्यामा भक्तजन र स्थानीयवासी समेत सहभागि भए । सडक मर्मतको माग गर्दै कुनै जनप्रतिनिधिद्वारा आवागमन ठप्प पारी बीच सडकमै दुई घण्टा धर्ना र कार्यक्रम गरिएको जिल्लामै यो पहिलो पटक हो ।

छिन्नमस्ता गाउँपालिकास्थित छिन्नमस्ता मन्दिर पुग्ने बाटो विगत दुई वर्षदेखी ठाउँ ठाउँमा भत्किएर लथालिङ छ । भारतीय दर्शानार्थीहरु समेत ठूलो संख्यामा आउने छिन्नमस्ता मन्दिरमा सदरमुकाम राजविराजबाट जान पनि जीर्ण बाटोका कारण यात्रुले सास्तीय खेप्नु परिरहेको छ ।

राजविराजबाट १० किलोमिटर दक्षिणमा रहेको छिन्नमस्ता मन्दिरसम्म पुग्ने बाटो ठाउँठाउँमा खाल्डा खुल्डीका कारण पानी जमेर पोखरी बनेपछि थप समस्या भएको स्थानीयहरुको भनाइ छ । दिनहुँजसो दुर्घटना हुन थालेपछि जोखिम मोलेर टेम्पु सेवा संचालनमा ल्याउँदै गरेको चालक बद्री राउतले बताए । सडक पोखरीमा परिणत भएपछि सवार ीसाधनबाट यात्रु ओराल्दै र चढाउँदै लैजानु परेको उनको कथन छ ।

बाटो बिग्रेका कारण १० किलोमिटरको यात्रा तय गर्न डेढ घण्टा लाग्ने गरेको छ । बाटो ठिक रहँदा ३० रुँपैया भाडा लाग्ने ठाउँमा अहिले ७० रुपैयाँ तिरेर यात्रा र सास्ती खेप्नु परेको भन्दै स्थानीयले अविलम्ब उक्त जीर्ण सडक मर्मत सम्भार गर्नुपर्ने सरकारसँग माग गरेका छन् ।

सडक विभागले टेण्डर खोलेर ठेक्का दिएको पनि दुई वर्ष बढी भइसकेको छ । तर, ठेकेदारको लापरवाही र सरकारको वेवास्ता कारण यस्तो समस्या भएको गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीको भनाई छ । उक्त सडक मर्मतको माग गर्दै आफूहरु गत असार ३० गते सडक डिभिजन कार्यालय लहानमा धर्ना तथा काठमाडौं पुगेर मन्त्रीदेखि प्रधानमन्त्रीसम्मको ध्यानाकर्षण गराउँदा पनि आश्वासन बाहेक केही नपाइएको उनले सुनाए ।

धर्नामा बसेका पूर्वमन्त्री उमेशकुमार यादवले धार्मिक र ऐतिहासिक महत्व बोकेको छिन्नमस्ता मन्दिरसम्म पुग्ने बाटोको बेहाल हुँदा पनि राज्यको ध्यान पुग्न नसक्नु दुःखद भएको बताए । ठेक्का लागिसकेको सडक बनाउन ठेकेदारले लापरवाही गर्नु र राज्यले पनि समयमै काम सम्पन्न नगर्ने ठेकेदारलाई कारवाही गर्न नसक्नु लाजमर्दो र निन्दनीय विषय रहेको भन्दै उनले जनस्तरबाटै दबाब दिन र खबरदारी गर्न सडक जाम गरि यस्तो कार्यक्रम गरिएको बताए ।

सरोकारवालाको कमीकमजोरीका कारण छिन्नामस्तासम्म पुग्ने बाटोको दुर्गीत भएको गुनासो गर्दै स्थानीयवासीले अविलम्ब सो सडकखण्डको मर्मत सम्भार गर्नुपर्ने माग गरेका छन् ।

# आज गृहमन्त्री रमेश लेखक आउँदै



**टुडे समाचारदाता**

जकपुरधाम । नेपाल सरकारको गृहमन्त्री रमेश लेखक भोली बिहीबार बिहानै मधेश प्रदेशको राजधानी जनकपुरधाम आउने कार्यक्रम रहेको छ ।

गृहमन्त्री लेखकको धनुषा र सिरहा जिल्लाको विभिन्न स्थानहरुमा भ्रमण गर्ने पूर्व निर्धारित कार्यक्रम अनुसार बिहीबार बिहान ८.१० बजे जनकपुरधाम विमानस्थलमा आउने जनाइएको छ ।

भ्रमणको क्रममा स्व. प्रदीप गिरीको दोश्रो वार्षिकी कार्यक्रममा सहभागी हुने, जिल्ला सुरक्षा समिति सिरहाका पदाधिकारीहरुसंग अन्तरक्रिया गरी निर्देशन दिइने कार्यक्रम रहेको छ। सिहारबाट गृहमन्त्री लेखक जनकपुरधाम फर्केर रात्री विश्राम गरिने नेपाली काँग्रेस मधेश प्रदेश सूचना संचार तथा प्रचार प्रसार विभाग प्रमुख नितेश गुप्ताले बताए।

भदौं ७ गते शुक्रबार बिहान गृहमन्त्री लेखकले जिल्ला प्रशासन कार्यालय धनुषाको भवन शिलान्यास गर्नुको साथै जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुसंग छलफल एवं अन्तरक्रिया कार्यक्रम गरिने उनले भने ।

सोही समयमा नेपाली काँग्रेसका पदाधिकारीहरुसंग पनि बृहत छलफल गरेर मधेश प्रदेशमा काँग्रेसलाई जनताको विश्वास जित्ने रणनीतिहरु तय गरिने समेत प्रचार प्रसार विभाग प्रमुख गुप्ताले बताए ।

# गौर समनपुर सडक निर्माणका लागि ज्ञापनपत्र बुझाइयो

**टुडे समाचारदाता**

रौतहट । निर्माण कम्पनीले समयमा सडक निर्माण गर्न नसकेको भन्दै स्थानीयहरुले मधेश प्रदेशका एक पूर्वराज्यमन्त्रीको नेतृत्वमा रौतहटका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएका छन् ।




जिल्लाको गौर समनपुर सडकखण्ड निर्माणमा निर्माण कम्पनी साह निर्माण सेवाले चरम लापरवाही गरेको भन्दै जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य एवं मधेश प्रदेशका पूर्व कृषि राज्यमन्त्री योगेन्द्र राय यादवको नेतृत्वमा मंगलबार दर्जनौंको संख्यामा गएका स्थानीयवासीहरुले जिल्ला प्रशासन कार्यालय गौरमा प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् ।

गौर समनपुर सडकखण्ड निर्माण गर्ने ठेक्का लिएका साह निर्माण सेवाले म्याद भित्र सडक बनाउन नसकेको भन्दै स्थानीयहरुले ठेकेदारलाई कारबाही गर्नुपर्ने माग राख्दै प्रमुख जिल्ला अधिकारी रेग्मीमार्फत प्रधानमन्त्रीलाई ध्यानाकर्षण सहित ज्ञापनपत्र बुझाएका छन् । साह निर्माण सेवाले २०७९ असार १७ गते २०८१ भदौं १० गतेसम्म २० करोड ५० लाख भन्दा बढी रुपैयाँमा सो सडक कालोपत्रे गर्ने ठेक्का पाएको थियो ।

निर्माण कम्पनीले ठेक्का सकार गरेको म्याद सकिन अब ६ दिन मात्र बाँकी रहेको अवस्थामा १० प्रतिशत पनि काम सम्पन्न गर्न नसकेको भन्दै प्रजिअमार्फत प्रधानमन्त्रीलाई आफुहरुले ध्यानाकर्षण गराएको जसपा नेपालका केन्द्रीय सदस्य योगेन्द्र यादवले बताए । सडक निर्माणमा निर्माण कम्पनीले चरम लापरवाही गरेको र समयमा सडक निर्माण गर्न नसक्दा हजारौं सर्वसाधारण नागरिक दुख भोग्न बाध्य भएको नेता यादवले बताए ।

मंगलबार ज्ञापनपत्र बुझाएर सम्बन्धित निकायलाई ध्यानाकर्षण गराएको र आफूहरुको मागबारे सुनुवाइ नभए आउँदो भदौं १० गते पछि थप संघर्षका कार्यक्रम तय गर्ने नेता यादवले बताए ।

रौतहटका प्रदेश सांसद नागेन्द्र साह ठेकेदार रहेका छन् । साहले दुई वर्षमा १० प्रतिशत पनि काम सम्पन्न गर्न नसक्नु ठूलो चिन्ताको विषय रहेको सो ज्ञापनपत्रमा उल्लेख छ ।

ठेकेदार साहले समयमा सडक निर्माण नगरि अल्पत्र छाडेर जनतालाई दुख दिने काम गरेको उनिहरुको भनाइ छ । निर्माण कम्पनी साह निर्माण सेवाले समयमा सडक निर्माण नगरी अलपत्र छाडेका कारण आम नागरिक निकै जोखिम मोलेर उक्त सडकमा आवतजावत गर्न बाध्य रहेको ज्ञापनपत्र जनाइएको छ । निर्माण कम्पनीले सो सडकमा कालोपत्रे गर्न ठाउँ ठाउँमा जोतेर पहिला भन्दा अहिले झन खराब बनाइ दिएको कारण सवारी साधन र पैदल समेत हिड्न समस्या हुने गरेकोले तत्काल सो अधुरो सडक निर्माण गर्न स्थानीहरुले माग गरेका छन् ।

# जनतासँग जसपा नेपाल आधारभूत संगठन उद्घाटन तयारी




**टुडे समाचारदाता**

काठमाण्डु । जनतासँग जसपा नेपाल आधारभूत संगठन निर्माण अभियान उद्घाटन तयारी समिति निर्माण गरेको जनता समाजवादी पार्टी (जसपा) नेपाल जनाएको छ ।

ललितपुरस्थित बालकुमारीमा बसेको बागमती प्रदेशस्तरीय विस्तारित बैठकबाट जसपा नेपालले भदौ ९ गते हुने अभियानको उद्घाटनका लागि विभिन्न समिति गठन गरेको नेता पूर्ण बस्नेतले जनाए ।

उनले जीवन लामाको संयोजकत्वमा पहिचानमा आधारित राष्ट्रिय समितिका पदाधिकारी एवम् बागमती प्रदेशअन्तर्गतका १३ वटै जिल्ला अध्यक्ष रहने गरी अभियान उद्घाटन मूल आयोजक समिति गठन गरिएको बताए ।

त्यस्तै पार्टीका केन्द्रीय सदस्य ज्ञानबहादुर लामाको संयोजकत्वमा पार्टीका जिल्ला अध्यक्षहरू रहने गरी आर्थिक समिति गठन भएको जनाइएको छ ।

यसका साथै ओमकृष्ण श्रेष्ठको संयोजकत्वमा व्यवस्थापन समिति र राज लामा शेर्पाको संयोजकत्वमा प्रचार प्रसार समिति गठन गरिएको छ ।

जसपा नेपालका सम्पन्न विस्तारित बैठकबाट केन्द्रीय सदस्य एवम् बागमती प्रदेश समितिको सह इन्चार्ज सुनी लामालाई पार्टी केन्द्रसँग समन्वय गर्ने जिम्मेवारी दिएको उनले बताए ।

# क्रसर र वासींग सेन्टर बन्द हुने अवस्थामा

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा डेढ महिनादेखि नदीजन्य पदार्थ क्रसिंग तथा वासिंग गर्ने उद्योगहरु बन्द हुँदा तीन दर्जन बढी निर्माण योजनाहरु अलपत्र परेका छन् ।



जिल्ला समन्वय समिति महोत्तरीले आवश्यक पर्ने कागजातहरु पेश गर्न नसकेको कारण देखाउँदै जिल्लामा संचालनमा रहेको सबै उद्योगहरु बन्द गरेपछि ढुंगा, गिट्टी र बालुवाको अभाव सिर्जना भएको छ ।

जिल्ला समन्वय समिति महोत्तरीले बन्द गर्नुको मुख्य कारण स्टक प्रमाणीकरणलाई देखाउँदै सम्बन्धित पालिकाहरुले संचालनमा रहेको क्रसर र वासिंग सेन्टरहरुको प्रमाणीकरण गर्नुपर्ने निर्देशन पालना गर्नका लागि भन्दै आएको छ ।

यसैबीच गौशाला नगरपालिकाले प्रमाणीकरण गरेको प्रतिवेदनसहित जिल्ला समन्वय समितिलाई वुझाए पनि भंगहा र बर्दिबास नगरपालिकाले भने प्रमाणीकरण गर्न कुनै कानुनी आधार नभएको भन्दै अस्वीकार गरेको छ ।

बर्दिवास नगर क्षेत्रमा संचालनमा रहेको केही क्रसर उद्योगहरुसंग जलेश्वरमा संचालनमा रहेको विकास निर्माणका योजनाहरुको लागि आवश्यक ढुंगा, गिट्टी, बालुवा उपलब्ध गराउने पुर्व सम्झौता भएका ठेकेदार विकास भगतले जानकारी दिए ।

उद्योगहरुमा काम गर्ने ६ सयभन्दा बढीको रोजगार समेत गुम्ने अवस्था सिर्जना भएको उद्योग संचालकले बताउन थालेका छन् ।

जिल्ला समन्वय समिति महोत्तरीका संयोजक सुमनलाल कर्णले मौज्दात प्रमाणीकरण विना विक्रीवितरण गर्ने अनुमति दिँदा बेथिति रहेको बताए ।

उनले स्थानीय सरकारले वास्ता नगर्दा हामीलाई समेत छल्ने कार्यहरु उद्योगीहरुले गरेको बताए । उनले यस पेसालाई व्यवस्थित र वैधानिक बनाउनका लागि सबैले पहल गर्नुपर्ने समेत बताए ।

# जलवायु परिवर्तनको प्रभावबाट बच्न वृक्षारोपण आवश्यक

**टुडे समाचारदाता**



मलंगवा । जलवायु परवर्तनलेजीवनचक्रलाई नै प्रभावित गर्ने भएकाले यसबाट बच्न वृक्षारोपण गरिनु पर्ने विज्ञहरुले बताएका छन् ।

मलंगवामा बुधबार नेपाल यु.एस.ए एलुमुनियस मेमवर्सद्रारा आयोजित तालिम तथा प्रशिक्षण कार्यक्रममा विज्ञहरुले आजको आवश्यकता वृक्षारोपण रहेको बताएका छन् । सो कार्यक्रममा जिल्ला वन कार्यालय सर्लाहीका प्रमुख मंजुर अहमदले पानीका मुहानहरु, सुक्नु, समय भन्दा अगाडि पानी पर्नु, बदी गर्मी हुनु जलवायु परिवर्तनका कारण भएको सहभागीहरुलाई जानकारी गराइएको थियो ।

सो अवसरमा प्रदेश सांसद जंगीलाल रायले जलवायु परिवर्तनले समाजमा पारिरहेको प्रभावबाट कसरी बच्ने त्यस बारेमा विद्यार्थीहरुलाई सोच्नु पर्ने बेला आएको बताए । सोही अवसरमा पूर्व प्रधानाध्यापक रमेश लाल कर्णले प्रकृतिकै कारण आफूहरु बाँच्न सकेको जानकारी गराउँदै स्वच्छ हावाका लागि बोट बिरुवाहरु आ-आफ्नो गाँउठाँउमा रोप्नु पर्ने बताए ।

एक्सचेन्ज एलुमनस मेमवर डा. चन्दन रमणको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रवीणा अमात्य, आस्था चौधरी, सुरेन्द्र राय यादव लगायत वक्ताहरुले आ-आफना मनतव्य राखेको थिए ।

# अवैध सामग्री बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको विभिन्न सीमानाकाबाट भारतबाट अवैधरुपमा भन्सार छलेर नेपालतर्फ ल्याउँदै गरेको लाखौं मूल्य बराबरको सामग्री सशस्त्र प्रहरी धनुषाले बरामद गरेको छ ।

सीमानाकाबाट भन्सार छलेर चोरी निकासी तथा तस्करी गरी नेपालतर्फ ल्याउँदै गर्दा विभिन्न किसिम लत्ताकपडादेखि खाद्यान्न सामग्रीहरु बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

सीमानाकाबाट तस्करी गरी ल्याउँदै गर्दा सशस्त्र प्रहरी बल नेपाल नम्बर ८ गण हेडक्वार्टर धनुषा र मातहतका बेश तथा बिओपीहरुबाट खटिएका टोलीले चेकजाँच गर्ने क्रममा १९ लाख रुपैयाँ मूल्य बराबरको लत्ताकपडा, किराना सामग्री तथा सो सामग्री ओसारपसार गर्नका लागि प्रयोग गरिएको एक थान अटो र ६ वटा मोटरसाइकलसमेत बरामद गरिएको धनुषाका सशस्त्र प्रहरीका प्रहरी उपरीक्षक दर्शन गिरीले जानकारी दिए । सो सामग्रीसहित आवश्यक कारबाहीका लागि जनकपुर भन्सार कार्यालयमा बुझाएको उनले बताए ।



# अवैध माछा नष्ट



**टुडे समाचारदाता**

रौतहट । भारतबाट अवैध रुपमा नेपाल भित्र्याएका करिब २ सय किलो माछा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयबाट खटिएको गस्ती टोलीले अवैध माछा बरामद गरी बुधबार नष्ट गरेको जनाएको छ ।

रौतहटको गौर नगरपालिका- ६ बैरिया पुलस्थित भारतबाट नेपाल ल्याउँदै गरेको अवस्थामा फेला पारेको प्रहरीले जानकारी दिएको छ । अवैधरुपमा माछा ल्याउनेहरुले प्रहरीलाई देख्नासाथ माछा छाडेर ती व्यक्तिहरु फरार भएका थिए । करिब २ सय किलो माछा रौतहट प्रहरीले बरामद गरी संचारकर्मीको रोहबरमा नष्ट गरेको छ ।

भारतबाट अवैधरुपमा माछा, कुखुरा ल्याउने गरिएको छ । खुला सीमानाकाका कारण लुकेर साना तस्करहरुले अवैध गतिविधिलगायतका विभिन्न सामग्रीहरु नेपालतर्फ ल्याउने गरेको रौतहट प्रहरीले जनाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८